सुदूरपश्चिम प्रदेश सभामा मिति २०८२ साल असार १ गते

आर्थिक मामिला मन्त्री माननीय बहादुर सिंह थापाले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/८३ को

# बजेट वक्तव्य

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
२०८२

**माननीय सभामुख महोदय,**

१. संघीय गणतन्त्रात्मक नेपाल, सुदूरपश्चिम प्रदेशको यस सम्मानित बैठकमा आर्थिक मामिला मन्त्रीको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम (आय-व्ययको विवरण सहित) प्रस्तुत गर्न पाउँदा गर्वको अनुभुति गरेको छु।

२. गौरवपूर्ण इतिहास र फराकिलो जनाधार भएका, प्रदेश राजनीतिमा नेतृत्वदायी भूमिका खेल्दै आएका ठूला राजनीतिक दलको अग्रसरतामा यो सरकार बनेको छ। यसैको जगमा उभिएर राजनीतिक स्थायित्व सुनिश्चित गर्ने, आर्थिक सामाजिक विकासलाई गति दिने संकल्पका साथ सरकार अगाडी बढेको छ।

३. परिवर्तित नेपाली राजनीतिको कार्यसूचीले राष्ट्रिय आकांक्षा अनुरूप विकास, सामाजिक न्याय, लोकतान्त्रिक मूल्य, नागरिक अधिकारको रक्षा र प्राप्तिका लागि विभिन्न काल खण्डहरूमा भएका जनआन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान वीर शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनको क्रममा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने आदरणीय नेताहरू, आ-आफ्नो ठाउँबाट योगदान गर्नु हुने दिदी बहिनी तथा दाजुभाई प्रति सम्मान व्यक्त गर्दछु। घाइते योद्धा, बेपत्ता नागरिकहरू प्रति उच्च सम्मान र शीघ्र स्वास्थ लाभको कामना गर्दछु।

४. समृद्ध सुदूरपश्चिम निर्माणको लागि विकास, समृद्धि र सामाजिक न्यायको मार्गमा अगाडि बढ्न संविधानले निर्दिष्ट गरेको अर्थ व्यवस्थाको आधार निर्माण गर्नु जरूरी छ। गरिवीको रेखामुनि रहेका तथा विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग जाति समुदाय लगायत सबै नागरिकको

दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न यो बजेट मूलत केन्द्रित रहेको छ।

५. प्रदेशको योजनाबद्ध विकास प्रयासमार्फत उपलब्ध स्रोत साधनको कुशलतम् र प्रभावकारी परिचालन गरी रोजगारी सिर्जना, गरिबी निवारण, आर्थिक सुधार, कृषिक्षेत्रको व्यवसायीकरण, प्रसार र विश्वसनीय वितरण, पर्यटन पूर्वाधारको विकास, औद्योगिक क्षेत्रको विकास, डिजिटल पूर्वाधार र डिजिटल अर्थतन्त्रको निर्माण, गुणस्तरीय जीवनोपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, मानवपूँजी निर्माण, युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, भौतिक पूर्वाधार तथा आवास विकास, खानेपानी तथा सरसफाई, भूमि व्यवस्था, जलवायू परिवर्तन र विपद् व्यवस्थापन, सामाजिक न्याय र समावेशी विकास, सामाजिक सुरक्षा, वित्तीय क्षेत्रको सुदृढीकरण, वित्तीय संघीयता कार्यान्वयन, बजेट प्रणालीको सुदृढीकरण, विकास वित्तको विस्तार, राजस्व प्रणालीको सुदृढीकरण, कानुनी शासन, मानव अधिकार र सुशासन प्रवर्द्धन भई नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणतर्फ केन्द्रित हुने विश्वास लिएको छु।

६. यस बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा मैले संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, १६ औ आवाधिक योजना, दिगो विकासका लक्ष्यहरू सहित अन्तर्राष्ट्रिय प्रतिवद्धता, यस प्रदेशको पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचनाका साथै प्रदेश सरकारले निर्धारण गरेका बजेटका सिद्धान्त तथा प्राथमिकता, प्रदेश सरकारको नीतिहरु र माननीय सदस्यहरुबाट प्राप्त सुझावहरू मार्गदर्शनको रुपमा लिएको छु।

७. प्रदेश सभाका विभिन्न समितिहरु, संघ र स्थानीय तह, राजनीतिक दल, संघसंस्था, विद्धत वर्ग, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार एवम्

संचार क्षेत्र लगायत आम नागरिकबाट प्राप्त सल्लाह सुझाव समेतलाई अधिकतम सम्बोधन हुने गरी प्राथमिकतामा राखेको छु।

**माननीय सभामुख महोदय,**

**अब म सुदूरपश्चिम प्रदेशको समष्टिगत आर्थिक तथा सामजिक परिसूचकहरुको संक्षिप्त सिंहावलोकन  प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

८. आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन रु. ४ खर्व ६ अर्व ७५ करोड रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा (उपभोक्ता मूल्यमा) कुल गार्हस्थ्य उत्पादन रू. ४ खर्व २९ अर्व ६२ करोड रही सामान्य विस्तार भएको छ। जुन अनुमानित राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको ७.०३ प्रतिशत हो। कुल ग्राहस्थ उत्पादनमा भएको यो विस्तार सकारात्मक देखिन्छ।

९. आर्थिक वर्ष २०८०/८१ मा प्रदेश को आर्थिक वृद्धिदर ३.२८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा उक्त वृद्धिदर ३.३२ प्रतिशत हुने अनुमान छ। यो आर्थिक वृद्धिलाई दिगो राखी थप विस्तार गर्नुपर्ने चुनौती हाम्रा सामु छ।

१०. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितिय र तृतिय क्षेत्रको योगदान क्रमश ३४.९५ प्रतिशत, १२.३० प्रतिशत र ५२.७५ प्रतिशत रहेको छ। गत आ.व. २०८०/८१ मा यस्तो योगदान क्रमश ३३.८९ प्रतिशत, १२.४१ प्रतिशत र ५३.७० प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक, द्वितिय र तृतिय क्षेत्रको वृद्धिदर क्रमशः २.७८, २.०४ र २.८९ प्रतिशत रहने अनुमान छ। प्रदेश अर्थतन्त्रका उपरोक्त परिसूचकहरुको सामान्य वृद्धि सकारात्मक नै रहेको छ।

११. आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशको प्रतिव्यक्ति आय १ हजार १ सय २२ अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा २.७६ प्रतिशतले बृद्धि भई १ हजार १ सय ५३ अमेरिकी डलर पुग्ने अनुमान छ।

१२. आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशमा लघुवित्त सहित बैङ्क तथा वित्तीय संस्थाहरुको शाखा संख्या ८४८ रहेकोमा आर्थिक वर्ष २०८१/८२ फागुन मसान्तसम्म मा उक्त संख्या विस्तार भई ८४९ पुगेको छ भने बिमा कम्पनीहरुको शाखा संख्या २ सय ७० पुगेको छ। सुदूरपश्चिम प्रदेशमा चालु आर्थिक वर्षको फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप रु. १ खर्व ४५ अर्ब पुगेको छ। साथै, सो अवधिमा कर्जा प्रवाह रु. १ खर्व ५३ अर्ब रहेको छ। वितिय क्षेत्रको विस्तारले प्रदेशको वितीय पहुँचलाई थप विस्तार गरेको छ।

१३. गत आर्थिक वर्षको फागुन महिनाको बार्षिक विन्दुगत तुलनामा सुदूरपश्चिम प्रदेशको उपभोक्ता मूल्य बृद्धिदर ४.४१ प्रतिशत रहेको छ। यस्तो बृद्धिदर ग्रामीण क्षेत्रमा ४.१६ प्रतिशत र शहरी क्षेत्रमा ४.५२ प्रतिशत रहेको छ।

१४. आर्थिक वर्ष २०७९/८० फागुनको बार्षिक विन्दुगत तुलनामा आर्थिक वर्ष २०८०/८१ मा तलव तथा ज्याला सूचकाङ्कमा ९.६७ प्रतिशत वृद्धि भएको छ।

१५. सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०८१/८२ मा १ हजार ६ सय ३१ नयाँ उद्योग दर्ता भएका छन्।

१६. आर्थिक वर्ष २०८१/८२ को चैत्रसम्म प्रदेशमा १ लाख ५३ हजार हेक्टरमा धान खेती गरिएकोमा ६ लाख ४० हजार मेट्रिक टन उत्पादन भई उत्पादकत्त्वमा सुधार देखिएको छ।

१७. चालु आर्थिक वर्षको चैत्र मसान्तसम्ममा प्रदेश सरकारबाट ३ सय १८ किलोमिटर सडक निर्माण भएको छ। यसमा, १ सय २० किलोमिटर कालोपत्रे सडक, ५७ किलोमिटर ग्रावेल सडक र १ सय ४२ किलोमिटर माटे सडक रहेको छ। यस अवधिमा ८ वटा नयाँ सडक पुलहरू निर्माण भएका छन्।

१८. आर्थिक वर्ष २०८१/८२ चैत्रसम्म प्रदेश सरकारले निर्माण गरेको आधारभूत खानेपानी सेवाको विस्तारबाट २० हजार २ सय ६८ जना र मध्यमस्तरको खानेपानी सेवा विस्तारबाट ५६ हजार ८ सय ५५ जनालाई स्वच्छ खानेपानी सेवा उपलब्ध भएको छ।

१९. प्रदेशमा आधारभूत तहका सामुदायिक विद्यालयहरू क्रमशः घट्दै गएका छन् भने संस्थागत विद्यालयहरू विशेषगरी कक्षा १-५ र १-८ सम्मको तहमा वृद्धि हुँदै गएका छन्। सामुदायिक विद्यालय संख्या ३.६३ प्रतिशतले घटी ३ हजार ३४२ पुगेको छ भने संस्थागत विद्यालय संख्या ३.८९ प्रतिशत बढ्न गई ७४७ पुगेको छ।

२०. चालु शैक्षिक सत्रमा कुल विद्यार्थी संख्या ७ लाख २५ हजार ३२७ रहेको छ। सामुदायिक विद्यालयका माध्यमिक तहहरुमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा रहेको छ। माध्यमिक तह कक्षा ९-१० मा ११ प्रतिशतले, कक्षा ११-१२ मा ३.३२ प्रतिशतले र कक्षा ९-१२ मा ५.२ प्रतिशतले विद्यार्थी संख्या घटेको छ।

२१. २०८१ मा प्राथमिक तह (कक्षा १-५), आधारभूत तह (कक्षा १-८) र माध्यमिक तहको (कक्षा ९-१२) खुद भर्नादर क्रमशः ९४.३ प्रतिशत, ९४.० प्रतिशत र ५६.४ प्रतिशत रहेको छ।

२२. २०८१ फागुनसम्म सुदूरपश्चिम प्रदेशमा ८६.६ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको छ। यस अवधिमा प्रदेशमा कुल विद्युत उत्पादन क्षमता १६७ मेगावाट पुगेको छ।

२३. २०८१ चैत्रसम्ममा १० हजार ७ सय ६ नयाँ सवारी साधनहरु यातायात कार्यालयहरुमा दर्ता भई सकेका छन्। यस अवधिमा दुई प्राङ्गे सवारी साधन दर्तामा ८.४१ प्रतिशतले वृद्धि भएको छ।

**उपरोक्त विवरण सहितको सुदुरपश्चिम प्रदेशको आर्थिक सर्वेक्षण सम्मानित सभा समक्ष पेश भइसकेको छ।**

**माननीय सभामुख महोदय,**

**अव म बजेट प्रणालीमा देखा परेका मुख्य चुनौतीहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।**

(क) विनियोजन कूशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन, आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण सहितको आयोजना बैकको अवधारणालाई कार्यन्वयन गर्दै विनियोजित रकमलाई उपलव्धिमूलक बनाई पुँजी निर्माण एवं प्रतिफल सुनिश्चित गर्न सकिएको छैन्।

(ख)प्रदेश अर्थतन्त्रमा दीगो आर्थिक वृद्धिदर हुन नसक्दा प्रदेशको आर्थिक अवस्था सुधार हुन नसकेको देखिन्छ। प्रदेशको आन्तरिक राजस्व संकलन न्यून हुँदा संघीय अनुदानमाथि निर्भरता बढि रहेको छ।

(ग) संघीय अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रभावकारी परिचालन र प्रदेशबाट स्थानीय तहहरूमा हुने अनुदानको उपयोग एवम् खर्चको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन प्रणालीलाई ब्यवस्थित गर्न नसक्दा आयोजनाको लागत लाभ प्रतिफल असर एवं प्रभाव सुनिश्चित गर्न सकिएको छैन।

(घ) बहुवर्षीय, रणनीतिक महत्व तथा  रूपान्तरणकारी योजनाको रुपमा रहेका प्रदेशका गौरव र रूपान्तरणकारी आयोजनामा पर्याप्त स्रोत विनियोजन नभएको कारणले लागत समय बढ्दै गई पुँजी निर्माण, रोजगारी सिर्जना, आर्थिक वृद्धि, प्रादेशिक अर्थतन्त्र चुनौतीपुर्ण बन्दै गएको छ।

(ङ) प्रदेशको स्रोत परिचालनलाई प्रभावकारी बनाउन अनुत्पादक खर्च नियन्त्रण गर्ने, राज्यको श्रोत साधनमा जनताको पहुँच स्थापित गरी लोकतन्त्रका लाभहरुलाई जनतासम्म पुर्‍याउनु ठुलो चुनौती हामी माझ थपिएको छ।

(च) शिक्षा, स्वास्थ्य, पूर्वाधार, सरकारी सेवाहरुको प्रभावकारी व्यवस्थापन हुन नसक्नु, महिला, बालबालिका, जेष्ठ नागरिक र सिमान्तकृत समुदायको विकास गर्दै सुशासन, सामाजिक न्याय र समृद्धि तर्फको यात्रालाई तीब्र बनाउनुपर्ने प्रमुख चुनौती हामी माझ रहेको छ।

(छ) मानवपुँजी र श्रम परिचालनको अवस्था सन्तोषजनक नभएको स्थितीमा अपेक्षित मात्रामा लगानी हुन सकिरहेको छैन, परिणामत: अर्थतन्त्रको आकार बढ्ने गति अपेक्षाकृत कम देखिन्छ।

**माननीय सभामुख महोदय,**

**अब म आ.व. २०८२/८३ को बजेट तर्जुमा गर्दा लिएका उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।**

(क) सार्वजनिक वित्त सन्तुलन, बजेट प्रणाली सुधार र राजस्व प्रणालीको सुदृढीकरण गरी वित्तीय अनुशासन कायम गर्नु।

(ख) सार्वजनिक-निजी-सहकारी साझेदारी र लगानीमैत्री वातावरणको सिर्जना गर्नु।

(ग) विकासमा सहकार्य र समन्वय कायम गर्नु।

(घ) कृषिको व्यवसायीकरण, पर्यटन क्षेत्रको विकास र विस्तारमार्फत रोजगारी सिर्जना, स्वरोजगार प्रबर्द्धन, गरिबी न्यूनिकरण गर्नु।

(ङ) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामार्फत दक्ष तथा स्वस्थ मानव पूँजी निर्माण गर्नु

(च) सामाजिक-साँस्कृतिक रूपान्तरण, सामाजिक न्याय, समता र समावेशी विकास गर्नु

(छ) गुणस्तरीय भौतिक पूर्वाधार विकास, डिजिटल पूर्वाधार र डिजिटल अर्थतन्त्र निर्माण गर्नु

(ज) दीगो, जलवायु परिवर्तन अनुकुलन र विपद् प्रतिरोधी विकास गर्नु

(झ) नागरिकमैत्री सेवा प्रवाह, भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गर्नु।

**माननीय सभामुख महोदय,**

**अब उपरोक्त उद्देश्य पुरा गर्न तय गरिएका सिद्धान्त र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु।**

**सिद्धान्तहरूः**

(क) सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासन
(ख) व्यवसायमैत्री वातावरणको सिर्जना र लगानी प्रबर्द्धन
(ग) विकासमा सहकार्य र समन्वय
(घ) सामाजिक-साँस्कृतिक रूपान्तरण, सामाजिक न्याय र समता
(ङ) नागरिकमैत्री सेवा प्रवाह र सुशासन

**क्षेत्रगत प्राथमिकताः**

(क) कृषिको व्यवसायीकरण
(ख) पर्यटन क्षेत्रको विकास र विस्तार
(ग) रोजगारी सिर्जना, स्वरोजगार प्रबर्द्धन, गरिबी निवारण तथा मानव पूँजी निर्माण
(घ) गुणस्तरीय शिक्षा
(ङ) गुणस्तरीय स्वास्थ्य सेवा
(च) डिजिटल पूर्वाधार र डिजिटल अर्थतन्त्र निर्माण
(छ) सामाजिक न्याय र समावेशी विकास
(ज) यूवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति
(झ) गुणस्तरीय भौतिक पूर्वाधार विकास
(ञ) बजेट प्रणाली सुधार, विनियोजन दक्षता र कार्यान्वयन क्षमता अभिवृद्धि
(ट) राजस्व प्रणालीको सुदृढीकरण
(ठ) दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन
(ड) संघीयता कार्यान्वयन

(ढ) सार्वजनिक-निजी-सहकारी साझेदारी र लगानीमैत्री वातावरण निर्माण

**माननीय सभामुख महोदय**

**अव म बजेटका उद्देश्य हासिल गर्न देहाय बमोजिमको सुधार प्रस्ताव गरेको छु।**

(क) आर्थिक वृद्धिका प्रमुख सम्वाहकहरू कृषि, पर्यटन, उद्योग, डिजिटल पूर्वाधार, गुणस्तरीय शिक्षा र स्वास्थ्य, भौतिक पूर्वाधार तथा आवास, खानेपानी तथा सरसफाई क्षेत्रहरु पहिचान गरी सो क्षेत्रमा विनियोजनलाई उच्च प्राथमिकता दिएको छु।

(ख) प्रदेश गौरव, रूपान्तरणकारी, बहुवर्षीय तथा स्रोत सुनिश्चित भएका आयोजना र रणनैतिक महत्वका ऊर्जा, यातायात, संचार, आवास तथा सहरी विकास, सिंचाई, खानेपानी तथा सरसफाई लगायतका संरचनाको निर्माण र विस्तारलाई उच्च प्राथमिकता दिएको छु।

(ग) तत्काल आवश्यक नभएका तथा उपयोगहीन, अनुत्पादक आयोजना तथा कार्यक्रममा विनियोजन निरूत्साहित गरी बहुसंख्यक जनताले लाभ प्राप्त गर्ने आयोजना र प्रदेश प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने नीति लिएको छु।

(घ) आयोजना छनौट प्रक्रियामा सुधार गरी रणनैतिक महत्वका आयोजनाहरु पहिचान गरी सोमा मात्र केन्द्रित हुन चालु आर्थिक वर्षभित्र आयोजना बैंकको अवधारणा प्रभावकारी बनाउन आवश्यक नीतिगत सुधार एवं संस्थागत संरचनालाई प्राथमिकतामा राखेको छु।

(ङ) आयोजनाको अनुगमन प्रणालीमा सहभागितामूलक पद्धती अवलम्वन गरी सम्बन्धित क्षेत्रका माननीय प्रदेशसभा सदस्यहरुको नेतृत्वमा अनुगमन सयन्त्र बनाइ प्राप्त सुझावहरु तथा मार्गदशनलाई प्रदेशस्तरीय विकास समस्या समाधान समिति र मन्त्रालयगत विकास समस्या समाधान समितिमा पेस गरी तत्काल समाधानको व्यवस्था मिलाएको छु।

(च) संघ, प्रदेश र स्थानीय तह बीच वित्तीय अन्तरसम्वन्ध सुदृढ गर्न र राजस्व बाडफाँटलाई प्रभावकारी वनाउन प्रदेशवाट हुने वित्तीय हस्तान्तरणलाई समन्यायिक र प्रभावकारी बनाइनेछ। साथै प्रादेशिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्यांकन प्रक्रियामा संघीय इकाईहरूवीच सहकार्य समन्वय र साझेदारी अभिवृद्धि गरिनेछ,

माथि उल्लिखित सुधारले विनियोजन कुशलता र कार्यान्वयन दक्षता अभिवृद्धि भई निर्धारित लक्ष्य हासिल हुने अपेक्षा गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म चालु आर्थिक वर्षको बजेटका प्रमुख क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छुः

<u>**कृषि, मत्स्य, पशुपन्छी र सहकारी**</u>

२४. कृषि पशुपन्छी मत्स्य केन्द्रित **"एक स्थानीय तहः दुई उत्पादन"** अभियान सञ्चालन गर्न प्रत्येक **स्थानीय तहमा कम्तिमा एक विशेष पकेट क्षेत्र विकास गर्न** कृषि, पशुपन्छी र मत्स्यका १७६ वटा व्यवसायिक पकेट निर्माण गरिनेछ। यसबाट सुन्तला, स्याउ/ओखर, केरा लगायतका फलफूल, सिमी, भटमास लगायतका दलहन बाली, तेलहन बाली, चैतेधान, मकै, रैथाने बाली, आलु, तरकारी, मौरी, माछा पालन, भैसी/गाई पालन, बंगुर पालन, बाख्रा पालनलाई व्यवसायिकरण गरिनेछ। यसबाट कृषि तथा पशुपन्छी क्षेत्रमा आयात घटाउन र निर्यात प्रवर्द्धन गर्न थप टेवा पुग्ने अपेक्षा गरेको छु। यस कार्यक्रमका लागि **रू. ७० करोड ४० लाख** विनियोजन गरेको छु। यस कार्यक्रमबाट १७६ जना कृषि तथा पशु प्राविधिक परिचालन गरी ५ हजारभन्दा बढी कृषक लाभान्वित हुने विश्वास लिएको छु।

२५. तीन हजार एक सय विपन्न, दलित, मुक्त कमैया, कमलरी, हलिया, एकल महिला, अपाङ्ग, लोपोन्मुख समुदायको खाद्य तथा पोषण र आय आर्जनमा सुधार लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ। यसबाट स्थानिय जनसमुदायको स्वास्थ्य स्थितीमा सुधार हुने र रोजगारको अवसर सिर्जना भई गरिबी न्युनिकरणमा सहयोग पुग्ने अपेक्षा लिएको छु। यसका लागि रू. ६ करोड २० लाख बजेट विनियोजन गरेको छु।

२६. **"कृषकलाई टेवा: घरदैलोमा प्राविधिक सेवा"** नीति अनुरूप कृषि प्रसारको दायरा बढाई कृषकलाई सरल र सहज सेवा उपलब्ध गराउन कृषकको फार्म/गोठ/खेतमा शिविर, इमरजेन्सी सेवा, कृत्रिम गर्भाधान सेवा, खोप सेवा, बगैचा सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ। पुराना फलफूलका बगैचाको सुदृढीकरण गरी उत्पादकत्व सुधारका लागि रू. १ करोड १५ लाख व्यवस्था गरेको छु। एग्रीकल्चर डिजिटलाइजेसनका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

२७. कैलालीमा एम्बुलेन्स सहितको भेटेरीनरी इमरजेन्सी सेवा सञ्चालन गरिनेछ। यसका लागि रू. १ करोड बजेट विनियोजन गरेको छु।

२८. माटोको उर्वराशक्तिमा सुधार गरी उपयुक्त खेती प्रवर्द्धन गर्न घुम्ती टोलीमार्फत माटो परीक्षण शिविर सञ्चालन गरिनेछ। माटोमा प्राङ्गारिक पदार्थ वृद्धि गर्न कोशेबाली, ढैंचा खेतीको विस्तार गरिनेछ। प्रदेशमा विषादीयुक्त तरकारी तथा फलफूलमा विषादी अवशेष परीक्षण गर्नको लागि मोबाइल विषादी जाँच सेवा सञ्चालन गरिनेछ। यसका लागि रू. १ करोड २० लाख बजेट विनियोजन गरेको छु।

२९. सुदूरपश्चिम दुग्ध विकास बोर्डमार्फत डेरी व्यवसाय प्रवर्द्धन तथा बजारीकरणका कार्यक्रम सञ्चालनका लागि रू. २ करोड ८५ लाख बजेट विनियोजन गरेको छु।

३०. आगामी आर्थिक वर्षमा ५ करोड माछाका भुरा उत्पादन गरी मत्स्य ब्यवसायको प्रबर्द्धन, बजारीकरण मार्फत यस क्षेत्रमा प्रदेश आत्मनिर्भर हुने विश्वास लिएको छु। साथै, प्राकृतिक तालमा माछापालनको उत्पादकत्व सुधार गर्न रू. १ करोड १५ लाख विनियोजन गरेको छु।

३१. कफी खेतीको उच्च सम्भावना बोकेका पाँच जिल्ला कैलाली, बैतडी, बझाङ्ग, डोटी र दार्चुलामा कफी बगैचा परिक्षणको रूपमा स्थापना गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३२. उच्च हिमाली जिल्लाको २० वटा स्थानीय तहलाई प्राङ्गारिक क्षेत्र घोषणा गर्न आवश्यक गृहकार्य गरिने छ। यसका लागि रू. २ करोड बजेट विनियोजन गरेको छु।

३३. कृषिमा जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गर्न समानुकुलित कृषि विकासका कार्यक्रम सञ्चालन गरिनेछ। बहुपक्षीय सहयोग र सहकार्यमा प्रदेशको नौ वटै जिल्लामा इको भिलेज स्थापना र सञ्चालन गरिनेछ। यसका लागि रू. १ करोड ३५ लाख बजेट विनियोजन गरेको छु।

३४. सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लामा स्थानीय स्तरमा उत्पादित कृषि उपजहरूको सुदूर कोशेली नाममा ब्राण्डिङ्ग, प्याकेजिङ्ग तथा बजारीकरणलाई सहयोग गर्न सहकारी-निजी क्षेत्रसँगको साझेदारीमा कोशेली घर सञ्चालन गरिनेछ। यसबाट कृषिजन्य उत्पादन, प्रशोधन र बजारीकरणमा अभिवृद्धि हुने विश्वास लिएको छु। यसका लागि रू. ५५ लाख विनियोजन गरेको छु।

३५. दुर्गम क्षेत्रमा उत्पादित कृषि उपज ढुवानी तथा बजारीकरणको लागि कृषि एम्बुलेन्स सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसका लागि रू १ करोड विनियोजन गरेको छु।

३६. **"भीमदत्त पन्त कृषि प्रबर्द्धन कार्यक्रम"** अन्तरगत कृषि क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरी युवाहरूलाई कृषिमा आवद्ध हुन प्रेरित गर्न ७७२ जना कृषि/भेटेरीनरी शिक्षा उत्तीर्ण युवाहरूको उद्यमशिलता विकासका लागि युवा लक्षित तरकारी खेती, च्याउ उत्पादन र मौरीपालन कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रू. ३ करोड १० लाख विनियोजन गरेको छु।

३७. प्रदेशका पहाडी क्षेत्रमा जमिन बाँझो राख्ने प्रवृत्तीलाई निरूत्साहित गर्न तथा बाँझो जग्गाको उपयोग गरी फलफूल, तरकारी, मसला खेती, घाँस खेतीका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु। सरकारी कार्यालयका खाली जग्गामा फलफूल उद्यान कार्यक्रम सञ्चालन गरिनेछ। वर्षातको पानी संकलन र उपयोग गर्ने लगायत साना सिचाई संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३८. पर्यटकीय स्थल भएका क्षेत्रहरू तथा दिवा खाजा लागु भएका विद्यालयहरूसँग समन्वय गरी रैथाने तथा पोषणयुक्त वाली उत्पादन प्रबर्द्धन र स्थानीय उत्पादनमा आधारित विद्यालय खाजा कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३९. बडीमालिका र खप्तड क्षेत्र लक्षित कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४०. विभिन्न जातका खाद्यान्न बाली, तरकारी, फलफूल तथा घाँसको रैथाने र वर्णशंकर विउ उत्पादन गरी सुदूरपश्चिम प्रदेशलाई बीउबिजनको हबको रूपमा विकास गरिनेछ। यसका लागि सरकारी प्रयोगशाला स्रोतकेन्द्र, आनुवंशिक स्रोतकेन्द्रको स्तरोन्नती गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४१. कृषि तथा पशुपन्छी उत्पादन, प्रशोधन र बजारीकरणमा कृषि सहकारी संस्थाहरूको विकास, एकीकरण र नियमन गरिनेछ। सहकारीहरूको सहकार्यमा कष्टम हायरिङ सेन्टर र कृषिजन्य वस्तु/उपज प्रशोधन तथा बजारीकरण गरिनेछ। यसको लागि रू. ४ करोड विनियोजन गरेको छु।

४२. बाँदर, बँदेल, निलगाई जस्ता जङ्गली जनावरबाट खेतीबालीमा हुने नोक्सानी कम गर्न नियन्त्रणका उपायहरू अवलम्बन गरिनेछ। उक्त जोखिम रहेका क्षेत्रमा सिमल तरूल, एभोकाडो, कफी, अदुवा/बेसार, घाँस खेती र पुष्प उत्पादनलाई प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४३. पशुपन्छीमा लाग्ने जुनोटिक तथा महामारीजन्य खोरेत र खरी रोग मुक्त गरी मासु र दुग्धजन्य पदार्थ निर्यातको आवश्यक प्रबन्ध मिलाईने छ। यसको लागि रू ६ करोड व्यवस्था गरेको छु। नश्ल सुधारका कार्यक्रम मार्फत कृत्रिम गर्भाधान गराई पशुपालनको उत्पादकत्व वृद्धि हुने विश्वास लिएको छु।

४४. प्रदेशस्तरमा पशुपन्छी रोग नियन्त्रण सहयोग कार्यक्रम अन्तर्गत खोप, सिरिन्ज, निडल कोल्डचेन, लजिष्टिक व्यवस्थापन,रोग नियन्त्रण तथा खोप कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसबाट पशुपालन व्यवसाय थप ब्यवस्थित र व्यवसायिक हुने विश्वास लिएको छु।

४५. दार्चुला, बझाङ्ग र बाजुरा जिल्लाको चौंरी, सिंहाल बाखालाई प्रवर्द्धन गरिनेछ। डोटी जिल्लामा गड्डी भैसीको आनुवांशिक स्रोत केन्द्र र अछाम जिल्लामा नौमुठे अछामी गाईको स्रोत केन्द्र स्थापना गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४६. सार्वजनिक निजी गैर-सरकारी संस्था, विकास साझेदार तथा दातृ निकायसँगको सहकार्य र साँझेदारीमा कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन,

बजारीकरण र प्रशोधनका कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रू. २ करोड ९४ लाख म्याचिङ फन्डका रूपमा बजेट विनियोजन गरेको छु।

४७. सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलनबाट कृषि क्षेत्रमा लगानी गर्न इच्छुक लगानीकर्तासँग साझेदारीमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि रू. २ करोड विनियोजन गरेको छु।

४८. बाढी, डुबान, खडेरी, आँधीबेहरी जस्ता प्राकृतिक प्रकोप, कीरा तथा रोगबाट कृषि तथा पशुपन्छीको क्षेत्रमा हुने हानी नोक्सानीको जोखिम न्यूनीकरण गर्न विपद् व्यवस्थापन तथा राहत कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। यसबाट प्राकृतिक प्रकोप प्रतिकार्य योजनामा सहयोग पुग्ने विश्वास लिएको छु।

**कृषि पूर्वाधार**

४९. सिंचाई पूर्वाधार निर्माण गरी थप एक हजार हेक्टरमा सिंचाई सुविधाको पहुँच विस्तारका लागि रू. ६ करोड ३० लाख विनियोजन गरेको छु। यसबाट उत्पादन तथा उत्पादकत्व बढ्नुको साथै सिंचित क्षेत्रमा वृद्धि हुने विश्वास लिएको छु।

५०. प्रदेशमा तरकारीको वर्णशंकर बीउ उत्पादनको शुरूवात गरिनेछ। सबै जिल्लामा फलफूल नर्सरी स्रोत केन्द्र र घाँसको स्रोत केन्द्र स्थापना/स्तरोन्नति गरिनेछ।

५१. निर्माण सम्पन्न भएका तथा सञ्चालनमा नआएका कोल्ड चेम्बर, कोल्ड स्टोर, प्रशोधन केन्द्र लगायतका कृषि पूर्वाधारहरू सञ्चालन गरिने र अधुरा परियोजना निर्माण सम्पन्न गरिनेछ। कैलाली र कञ्चनपुरमा दुई/दुई वटा गौशालालाई उद्योगको रूपमा विकास गरी मल, दुध, गहुँत तथा अन्य उपयोगी सामग्री उत्पादन गरिनेछ। यसका लागि रू. १ करोड २० लाख

विनियोजन गरेको छु। छाडा पशु व्यवस्थापन गर्न तथा हल गोरूलाई प्रोत्साहन गर्न रू. ९८ लाख विनियोजन गरेको छु।

५२. प्रदेशभरीमा सार्वजनिक-निजी-सहकारी साझेदारीमा कृषि तथा पशुपन्छीजन्य उद्योग सञ्चालन गर्न रू. ४ करोड विनियोजन गरेको छु।

## कृषि अनुदान तथा सहुलियत

५३. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण र बजारीकरणको लागि बैक, वित्तीय संस्था र सहकारी संस्थामार्फत कृषि कर्जाको व्याजमा अनुदान उपलब्ध गराउन **रू. १३ करोड ८५ लाख** विनियोजन गरेको छु। यसबाट कृषि तथा पशुपालन व्यवसायमा **रू. २ अर्ब** बराबरको पुँजी परिचालनको लागि व्याजमा सहुलियत दिइनेछ।

५४. मसिनो धान, केराको टिस्युकल्चर विरूवा, जैतुन तेल, दुध, रैथाने बालीको उत्पादन गरेवापत प्रतिफलमा आधारित अनुदानको लागि **रू. २ करोड ३८ लाख** विनियोजन गरेको छु।

५५. कोल्ड स्टोरमा बीउ आलु भण्डारण गर्ने कृषकहरूलाई भाडा छुटको लागि आवश्यक बजेट विनियोजन गरेको छु। २०० कोल्ड स्टोर, मासु तथा डेरी उद्योगी व्यवसायीहरूलाई विद्युत महशुलमा अनुदानको व्यवस्था गरेको छु। कृषि यान्त्रीकरणलाई प्रवर्द्धन गर्न **रू. २ करोड ७० लाख** बजेट विनियोजन गरेको छु।

५६. प्रदेशमा रासायनिक मलको न्यून उपलब्धतालाई मध्यनजर गर्दै गैर अनुदानित रासायानिक मलमा अनुदानलाई निरन्तरता दिइनेछ। यसका लागि **रू. १ करोड ५० लाख** विनियोजन गरेको छु। यसबाट रासायनिक मलको आपूर्ति व्यवस्थापन प्रभावकारी भई उत्पादन र उत्पादकत्व वृद्धि हुने विश्वास लिएको छु।

५७. प्राकृतिक प्रकोपबाट कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा हुने नोक्सानीको राहतको लागि **रू. १ करोड** विनियोजन गरेको छु।

५८. प्रदेशभित्र रहेका १०० जना मुक्त कमैया, कमलरी र हलियाहरूको व्यवस्थापनका लागि **रू. ३ करोड ५० लाख** विनियोजन गरेको छु।

५९. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई लागि रू. ३ अर्व ३० करोड १० लाख विनियोजन गरेको छु।

## उद्योग, वाणिज्य तथा आपूर्ति

६०. उद्योग प्रशासनलाई आधुनिक, सेवामैत्री र सुचना प्रविधि मैत्री बनाउँदै लगिनेछ। स्थानीय सम्भावना र विशिष्टताको आधारमा स्थानीयस्तरमा रोजगारी र उद्यमशिलता प्रवर्द्धन गर्ने उद्देश्यले **"एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम"** सञ्चालनका लागि **रू. १ करोड** विनियोजन गरेको छु। यसबाट स्थानीय विशिष्टतामा आधारित उद्योगको प्रवर्द्धन हुने विश्वास लिएको छु।

६१. विपन्न वर्गको जीवनस्तर सुधारका लागि साना तथा घरेलु उद्यमलाई प्रोत्साहन गर्दै रोजगार तथा उत्पादनमुलक कार्यक्रम सञ्चालन गर्न **"मुख्यमन्त्री गरिबी निवारण तथा लघु उद्यम कार्यक्रम"**का लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै, **"दशरथ चन्द सीप विकास तथा क्षमता अभिवृद्धि तालिम"**का लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६२. डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका क्षेत्रमा स्थानीय तहको सहकार्यमा जडिबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६३. युवाहरूमा सकारात्मक सोंच, सीप, दक्षता, उद्यमशिलता विकास गर्न **विजनेस इन्कुवेशन सेन्टर** स्थापना र सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६४. प्रदेशभित्रका घरेलु तथा साना उद्योगीबाट उत्पादित सामाग्री विक्री प्रवर्द्धनका लागि कैलाली उद्योग वाणिज्य संघको सहकार्यमा **कोशेली घर** सञ्चालन र व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६५. भगत सर्वजित र आरन लगायत परम्परागत सीप र प्रविधिमा आधारित उद्योगको स्तरोन्नतिको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६६. युवाहरूलाई देशभित्रै स्वरोजगार बनाई उत्पादनशिलताको अभिवृद्धितर्फ उन्मुख भई क्रियाशिल बनाउने उद्देश्यले विभिन्न किसिमका उद्यमशिलता सम्बन्धी तालिमहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६७. कारागारमा रहेका कैदी तथा सुधार केन्द्रमा रहेका व्यक्तिहरू लक्षित सीपमूलक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६८. कालाबजारी नियन्त्रणका लागि बजार अनुगमन तथा उपभोक्ता हित तथा अधिकार सम्बन्धी सचेतनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६९. उद्यमशिलता सम्बन्धी तालिम लिई उद्योग स्थापना र सञ्चालन गर्न आर्थिक अवस्था कमजोर भएका इच्छुक उद्यमीहरूलाई प्रविधि हस्तान्तरणको लागि **रू. १ करोड १८ लाख** विनियोजन गरेको छु।

## <u>पर्यटन प्रवर्धन तथा विकास</u>

७०. खप्तड, बाजुराको बडिमालिका, दार्चुलाको मालिकार्जुन शिखर, बैतडीको सिगासधाम, अछामको रामारोसन लगायतका पर्यटकीय स्थानहरूमा केबुलकार स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट

विनियोजन गरेको छु। संघ सरकारको सहयोगमा बडिमालिका क्षेत्रमा पर्यापर्यटन निर्माणका लागि रू ७ करोड २५ लाख विनियोजन गरेको छु।

७१. थारू साँस्कृतिक मेला महोत्सव र सुदूरपश्चिम प्रदेशस्तरीय होमस्टे महोत्सब सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु। थारू मरूवा निर्माणको लागि रू. १ करोड विनियोजन गरेको छु।

७२. **"पर्यटन पूर्वाधार समृद्धिको आधार"** भन्ने नाराका साथ प्रदेशभरीका धार्मिक सांस्कृतिक ऐतिहासिक र सिमसार तालतलैयाको संरक्षण संवर्धन र प्रबर्द्धनका लागि **बाँकाबीर पर्यटन प्रवर्द्धन कार्यक्रम**का लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै, चिसापानी पर्यटन पूर्वाधार र देवाटबी पर्यटकीय पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७३. बर्दगोरियाधाम क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण, ब्रम्हदेव बहुसाँस्कृतिक संग्रहालय र राजकाँडा डुडेझाडी प्यारागलाइडिङ्गका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७४. पर्यटक भित्रिने सीमा नाकाहरू तथा मुख्य प्रवेशद्वार लगायत विभिन्न ६ स्थानमा पर्यटन सहायता केन्द्र स्थापना र सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७५. सुदूरपश्चिम प्रदेशमा रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यापर्यटन प्रबर्द्धन र सुदूरपश्चिम प्रदेशस्तरीय होमस्टे महोत्सव सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७६. होमस्टे व्यवस्थापन, कुक तथा हस्पिटयालिटी, नेचर गाइड व्यवसायसँग सम्बन्धित क्षमता अभिवृद्धि तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७७. राजनितिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा उच्च योगदान पुर्‍याई सुदूरपश्चिम प्रदेशलाई राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा चिनाउने कार्य गरेका खप्तडबाबा, बाँकाबीर, भीमदत्त पन्त, दशरथ चन्द, क्षेमानन्द महतो, जयपृथ्वी बहादुर सिंह, द्वारिका देबी ठकुरानी, के.आइ. सिंह लगायतका

व्यक्तिहरूको जीवनी र योगदानका सम्बन्धमा दस्तावेज तयार गरी प्रकाशन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## वन, वातावरण तथा जलाधार व्यवस्थापन

७८. गरिबीको रेखामुनीका जनताको जीवनस्तरमा सहयोग पुऱ्याउनुका साथै हैसियत बिग्रेको वनको अवस्था सुधार गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेशका ६ वटा पहाडी जिल्लाहरू डडेल्धुरा, डोटी, अछाम, बाजुरा, बझाङ्ग र बैतडीमा सञ्चालित कबुलियती वन विकास कार्यक्रमका लागि रू. १ करोड विनयोजन गरेको छु।

७९. जडिबुटी प्रजातिहरूको संरक्षण तथा खेति विस्तारको लागि रू. १ करोड ६० लाख विनियोजन गरेको छु। नर्सरी स्तरोन्नती तथा वनजन्य विभिन्न प्रजातिका विरूवा उत्पादनका लागि रू. १ करोड ३० लाख विनियोजन गरेको छु।

८०. प्रदेश भित्रका जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण बसन्ता जैविक मार्ग, लालझाडी मोहना जैविक मार्ग, महाभारत क्षेत्र, तेलेलेक क्षेत्र र सिगास तथा ग्वाललेक क्षेत्रको जैविक विविधता संरक्षण तथा व्यवस्थापनका लागि रू ८० लाख विनियोजन गरेको छु।

८१. मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण तथा व्यवस्थापनका लागि रू १ करोड १२ लाख र वन्यजन्तुबाट हुने क्षतिको राहत वितरणका लागि रू १ करोड ४७ लाख विनियोजन गरेको छु।

८२. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्य अन्तर्गत जनचेतना तथा प्रचार प्रसार, अग्नि नियन्त्रण सामाग्री खरिद तथा व्यवस्थापन कार्यका लागि रू १ करोड ३० लाख विनियोजन गरेको छु।

८३. "सामुदायिक वन प्रदेशको धन" भन्ने नाराका साथ वन पैदावारलाई आर्थिक विकास एवम् स्थानीय रोजगारको साधनको रूपमा उपयोग गर्ने नीति

लिएको छु। सामुदायिक वन उपभोक्ता समूह गठन, वन हस्तान्तरण, सामुदायिक वनको कार्ययोजना नवीकरण, सामुदायिक वनमा वन ब्यवस्थापन तथा सुशासन सम्बन्धी अभ्यास र सामुदायिक वनमा दिगो वन व्यवस्थापन योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८४. स्थानीय तहको सहकार्यमा सार्वजनिक तथा नदी उकास जग्गामा वृक्षारोपण गरी वन विकास गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८५. दुर्लभ वन्यजन्तु डल्फिनको संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८६. वन क्षेत्रमा हुने अतिक्रमण, चोरी शिकारी तथा चोरी निकासी नियन्त्रण गरी विगतमा भएका अतिक्रमणलाई समेत हटाइ हरियाली प्रबर्द्धनका लागि नर्सरी सञ्चालन, बिरूवा उत्पादन, पार्क निर्माण र बृक्षारोपण कार्यलाई विस्तार गरिनेछ। दार्चुला, बझाङ्ग र बाजुरा जिल्लाको पाटन, खर्क तथा चरन क्षेत्र ब्यवस्थापन तथा अतिक्रमित वन क्षेत्रको तथ्याङ्क अद्यावधिक गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**<u>भू तथा जलाधार व्यवस्थापन</u>**

८७. भू तथा जलाधार व्यवस्थापन अन्तर्गत पहिरो तथा गल्छि नियन्त्रण, तटबन्ध निर्माण, पानी मुहान संरक्षण, संरक्षण पोखरी निर्माण, बाँस रोपण, बायो इञ्जिनियरिङ्ग लगायतका कार्यका लागि र आकस्मिक रूपमा आइपर्ने भूक्षय सम्बन्धी समस्या समाधानका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८८. संघ सरकारको सहयोगमा बझाङ्ग र बाजुरा जिल्लामा जलवायु उत्थानशील भू-परिधि तथा जीविकोपार्जन आयोजना कार्यान्वयनका लागि रू ५ करोड ३७ लाख विनियोजन गरेको छु।

८९. संघ सरकारको सहयोगमा दार्चुला, बैतडी र डोटी जिल्लामा जैविक विविधता तथा जलाधार ब्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि रू ६ करोड ४६ लाख विनियोजन गरेको छु।

९०. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको लागि कूल रकम रू. २ अर्व ३४ करोड ४८ लाख ९४ हजार विनियोजन गरेको छु ।

## सडक पूर्वाधार विकास

९१. आधुनिक गुणस्तरीय पूर्वाधार निर्माण गरी प्रदेशको आर्थिक सामाजिक विकासलाई तिव्रता दिने गरी भरपर्दो र सुरक्षित दिगो सडक सञ्जालको विस्तार गरिने छ। यसका लागि पूर्वाधारहरुको निर्माण कार्यलाई तिब्रता दिईनेछ।

९२. विकास आयोजनाहरूलाई निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न रेपिड एप्रिजल पछि मात्र कार्यान्वयन हुने गरी प्राथमिकताका आधारमा आयोजना छनोट मार्फत मात्र कार्यान्वयन हुने गरी आवश्यक व्यवस्था मिलाएको छु।

९३. आयोजनाको लगानी र प्रतिफललाई सुनिश्चित गर्नका लागि "आयोजना जीवन चक्र" को अवधारणामा आयोजनाको पूर्व तयारी, निर्माण चरण र निर्माण पश्चात् व्यावसायिक योजना सहित दिगो सञ्चालन र व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

९४. पुँजीगत खर्च बृद्धि गर्न समयमै निर्धारित गुणस्तरमा परियोजना कार्यान्वयन गरी सम्पूर्ण सरकार होल अफ द गभर्मेन्ट अनुसार सबै मन्त्रालय तथा निकायहरुमा एकिकृत पहल गरिने छ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९५. विकास र बाताबरण बीच सन्तुलन कायम गर्न पूर्व वातावरणीय अध्ययन प्रतिवेदन र स्वीकृतीको प्रक्रियालाई अनिवार्य गर्ने मौजुदा कानुनी व्यवस्थाको कार्यान्वयनलाई प्राथमिकतामा राखेको छु।

९६. प्रदेश गौरव र बहुवर्षीय आयोजनाहरूको निर्माण सम्पन्न गर्न सडक तथा सडक पुल पूर्वाधारको गत विगतको करारीय दायित्व र प्रदेश सरकारको स्रोत सीमिततालाई मध्यनजर गर्दै उच्च प्राथमिकतामा राखेको छु ।

९७. प्रदेश गौरवका आयोजना र बहुबर्षिय आयोजनाहरुको आवश्यकता र औचित्यको आधारमा असर र प्रभाव समेतको विश्लेषण गरी सान्दर्भिकताको परीक्षण गर्न यसै आर्थिक वर्षबाट शुरु गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु।

९८. राजमार्ग तथा सहायक राजमार्गदेखि स्थानीय तहको केन्द्रसम्म सडक सञ्जाल विस्तार नभएका स्थानीय तह र बाहै महिना यातायात सञ्चालन हुन नसक्ने स्थानीय तहको केन्द्रलाई नजिकको राजमार्ग तथा सहायक राजमार्गसँग जोड्ने र स्थानीय तहको सडक सञ्जालसँगको पहुँच विकास गरी आगामी पाँच वर्षभित्र खण्डस्मित एवम् कालोपत्रे गर्ने व्यवस्था मिलाएको छु। यसका लागि नेपाल सरकार र स्थानीय तहसमेतको लागत साझेदारीमा प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना सञ्चालन गर्न रू. १ अर्व २१ करोड ६५ लाख विनियोजन गरेको छु।

९९. हालसम्म पनि सडक सञ्जालसँग कच्ची सडक नजोडिएका बझाङ्गको साईपाल, बैतडीको सिगास र दार्चुलाको अपि हिमाल गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई उच्च प्राथमिकता दिई निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु। सडक सञ्जाल नपुगेका दुर्गम एवम् ग्रामीण क्षेत्रमा आधारभूत सेवालाई सहज र पहुँचयोग्य बनाउन झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिएको छु ।

१००. सडक दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षा योजना तर्जुमा गरी सडक सुरक्षा परीक्षणलाई कार्यान्वयनमा ल्याइनेछ। प्रदेशबाट निर्माण भएका सडकको नियमित, आवधिक र आकस्मिक मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०१. धनगढी बजारको मूल सडकको कैलाली पुलदेखि हुलाकी सडकसम्मको खण्डलाई सहरी सडकमा स्तरोन्नतिको गर्ने कार्य चालु आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

१०२. योजना छनौट तथा विश्लेषण प्रणालीलाई वैज्ञानिक र वस्तुगत बनाई पञ्चवर्षिय योजना, वार्षिक बजेट, नीति तथा कार्यक्रम र आयोजना बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याउन प्रदेश लोकमार्गहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु । यस बाट आयोजना समय मै सम्पन्न हुने, गुणस्तर कायम गर्नमा सहज हुने र समग्र सुशासन कायम हुने कुरामा विश्वस्त छु।

१०३. आयोजनाको छनौट देखी कार्यान्वयन एवं अनुगमन मूल्याङ्कनसम्म माननीय सदस्यहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवश्यक नीतिगत व्यवस्थाको परिमार्जन तत्कालै शुरु गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु।

## उर्जा, सिँचाई तथा नदी नियन्त्रण

१०४. प्रदेशको खाद्य सुरक्षालाई प्राथमिकतामा राखी कैलाली र कञ्चनपुर जिल्लाको खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध गराउन सतही तथा भूमिगत जलस्रोतको संयोजनात्मक उपयोग हुने गरी सिँचाइ संरचनाहरू निर्माण, मर्मत तथा व्यवस्थापन गर्दै जलवायु अनुकूलित सिँचाइमा विशेष जोड दिएको छु। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसबाट सिञ्चित क्षेत्र थप विस्तार भई उत्पादन र उत्पादकत्वमा वृद्धि हुने विश्वास लिएको छु।

१०५. जलवायु परिवर्तनका कारण सतही स्रोतहरूको क्षमतामा हुँदै गरेको ह्रासलाई मध्यनजर गर्दै जलस्रोतको पुनर्भरण, स-साना जलासययुक्त बहुउद्देश्यीय आयोजना र पम्पिङ्ग आयोजनाबाट सिंचाई सेवा सुनिश्चित गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१०६. जलस्रोतको पुनर्भरण र स्थानीय तहसँगको सहकार्यमा प्रत्यक्ष रूपमा उत्पादन र रोजगारीलाई टेवा दिने गरी कृषि तथा वन क्षेत्रसँगको सहकार्यमा कृषि तथा सिँचाईलाई प्रोत्साहन गर्न वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहलाई आवश्यक बजेट प्रदान गरेको छु। यसबाट साझेदारी प्रबर्द्धन हुने विश्वास लिएको छु।

१०७. प्रदेश सरकारले सार्वजनिक निजी साझेदारी मार्फत जलविद्युत निर्माण सुरूवात गर्न आवश्यक व्यवस्था मिलाएको छु। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१०८. निर्माण सम्पन्न भएका सिंचाई आयोजनाहरूको दिगो सञ्चालन तथा व्यवस्थापनको लागि जलवायु अनुकूलित सिँचाईमा विशेष जोड दिन रु. १० करोड २५ लाख विनियोजन गरेको छु। यसबाट सिचाई सुविधामा थप विस्तार भई उत्पादन र उत्पादकत्वमा वृद्धि हुने विश्वास लिएको छु।

१०९. उज्यालोबाट बञ्चित ग्रामीण तथा दुर्गम क्षेत्रका स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक एवम् नवीकरणीय ऊर्जा सम्बन्धी कार्यक्रम सञ्चालन र विस्तार कार्यक्रमलाई आवश्यकताका आधारमा निरन्तरता दिएको छु। यसको लागि रु. ३ करोड विनियोजन गरेको छु।

११०. जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि नदी नियन्त्रण तथा व्यवस्थापनको उपयुक्त प्रविधि प्रयोग गरिनेछ। प्राकृतिक प्रकोपबाट जोखिममा परेका वस्ती लगायत अन्य संरचना संरक्षण गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखेको छु। जमिन उकास हुने गरी कान्द्रा, बनारा, चौधर र मद्देली नदीमा नदी नियन्त्रण लगायत सिंचाई, खानेपानी सुधारसहितको एकीकृत पूर्वाधार निर्माण तथा संरक्षण कार्यको निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१११. प्रदेशका नदीहरूमा बाढीको कारणबाट भइरहेको जग्गा कटानलाई नयाँ प्रविधिमा आधारित एकीकृत नदी नियन्त्रण तथा व्यवस्थापन मार्फत

सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति र खेतीयोग्य जमिनको संरक्षण गरी जग्गा उकास कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## खानेपानी तथा सरसफाई

११२. सबैका लागि सुरक्षित खानेपानी सुनिश्चित गर्न जलाधार देखि उपभोक्ताको धारासम्म पानी सुद्धिकरणको कार्यक्रम सञ्चालन गरिनेछ। खानेपानी सेवाको गुणस्तर सुधार गरी खानेपानी सेवा विस्तार गर्न समुदायमा आधारित खानेपानी आयोजनाहरू, सामुदायिक विद्यालय एवम् स्वास्थ्य संस्थामा खानेपानी गुणस्तर सुधार कार्यक्रमलाई विशेष प्राथमिकता दिई सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

११३. खानेपानी तथा सरसफाई आयोजनाको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारको लागि नीतिगत व्यवस्था गरिनेछ। भुमिगत जलसतह तथा पानीका सतही स्रोतहरू घट्दै गइरहेका क्षेत्रहरू तथा खानेपानीबाट बञ्चित विपन्न बस्तीहरूमा खानेपानी आपूर्तिको विशेष व्यबस्था मालाएको छु। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११४. स्थानीय तह र अन्य सरोकारवाला संघ संस्थासँगको समन्वय तथा साझेदारीमा **"खानेपानी क्षेत्र सुशासन तथा पूर्वाधार सहयोग आयोजना र स्थानीय जलवायू परिवर्तन अनुकूलन आयोजना कार्यक्रम"** अगाडि बढाउन आवश्यक रकम विनियोजन गरेको छु।

११५. स्थानीय तहसँगको सहकार्यमा वित्तीय हस्तान्तरण मार्फत खानेपानीका स्रोतहरुको संरक्षण र पुनर्भरण कार्यक्रमको लागि आवश्यक बजेट स्थानीय तहलाई हस्तान्तरण हुने व्यवस्था गरेको छु।

## आवास, सहरी विकास तथा भवन निर्माण

११६. स्थानीय तहसँगको साझेदारीमा स्मार्ट शौचालय निर्माण कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु।

११७. प्रदेश भित्रका उत्पिडित, पिछडिएका वर्ग, क्षेत्र, जातजातिको पुनर्स्थपना तथा व्यवस्थित बसोबासको सुनिश्चितताका लागि **"मुख्यमन्त्री जनता आवास कार्यक्रम"** सञ्चालनमा ल्याईनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११८. सरकारी तथा सार्वजनिक संस्थाका भवनहरुको निर्माण मर्मत तथा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिएको छु। यसका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

**यातायात व्यवस्था**

११९. सार्वजनिक यातायात सेवालाई पहुँचयोग्य, सुरक्षित, भरपदों र प्रविधियुक्त बनाउन प्रदेश यातायात तथा सवारी व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था मिलाएको छु।

१२०. सवारी साधन र सवारीचालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाईजेसन र आरकाईभिङ्ग गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२१. भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि कूल रकम रू. १५ अर्ब ४० करोड ३० लाख १७ हजार विनियोजन गरेको छु।

**शिक्षा क्षेत्र**

१२२. **"जयपृथ्वीबहादुर सिंह शैक्षिक पूर्वाधार विकास तथा विद्यालय शिक्षा गुणस्तर सुधार कार्यक्रम"** मार्फत ३२ वटा प्रदेश सभा निर्वाचन क्षेत्रका एक-एक वटा माध्यमिक विद्यालयहरूलाई प्रदेश नमूना विद्यालयका रूपमा विकास गर्न आवश्यक व्यवस्था मिलाएको छु। यसका लागि रू. २३

करोड विनियोजन गरेको छु। यसबाट गुणस्तरीय शिक्षामा आम जनताको पहुँच अभिबृद्धि हुने विश्वास गरेको छु।

१२३. सुदूरपश्चिम प्रदेशका स्थानिय तहहरूमा एक-एक वटा बालबिकास केन्द्रलाई शैक्षिक सामग्री व्यवस्थापन तथा बालविकास शिक्षकहरूको तालिमको व्यवस्था गरेको छु। यसक लागि आवश्यक वजेट विनियोजन गरेको छु।

१२४. अपाङ्गता भएका तथा सीमान्तकृत वर्गका बालबालिका लक्षित प्रोत्साहनमूलक कार्यक्रम मार्फत शिक्षालाई सर्वसुलभ एवम् समावेशी बनाउन विशेष तथा स्रोत कक्षाहरूको सुदृढिकरणको व्यवस्था मिलाएको छु। यसका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

१२५. कञ्चनपुरको बेलौरीमा बौद्धिक अपाङ्गता भएका वालबालिकाहरूको लागि आवासीय सुविधा सहितको विद्यालयको भौतिक पुर्वाधार निर्माण तथा सञ्चालनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

१२६. ब्रेललिपी तथा सांकेतिक भाषामा शिक्षा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु। अनाथ बालबालिकाहरूका लागि छात्राबास सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२७. कमजोर आर्थिक सामाजिक अवस्थाका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा र चिकित्सा शिक्षातर्फ एमविविएस / एमडी तहको अध्ययन गर्न छात्रवृत्ति दिने कार्यकमको निरन्तरताका लागि रू. ७ करोड ६५ लाख विनियोजन गरेको छु। बादी समुदायका बालबालिकाहरूको लागि **"बादी उत्थान छात्रवृत्ति कार्यक्रम"** को निरन्तरताको लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

१२८. प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम सम्बन्धी प्रादेशिक रणनीति तर्जुमा, औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन र पूर्वसिकाइलाई मान्यता दिन सीप परीक्षण, प्राविधिक शिक्षाको गुणस्तर सुधारका लागि

शिक्षालयहरूको क्षमता अभिवृद्धि र डिजिटल कक्षा कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु।

१२९. कैलालीको टीकापुरमा विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापनाका लागि भौतिक पूर्वाधार निर्माण गरी विज्ञान तथा प्रविधि क्षेत्रको सेन्टर अफ एक्सिलेन्सीको रूपमा विकास गरिने छ। यसका लागि रू. ५ करोड ५० लाख विनियोजन गरेको छु।

१३०. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन अनुसन्धान एवम् नवप्रवर्तनमुलक कार्यक्रम सञ्चालन गरिने छ। साथै, प्रत्येक जिल्लामा एक-एक वटा उच्चतम विद्यार्थी संख्या भएको क्याम्पसलाई सुदृढीकरण गर्दै नमूना क्याम्पसको रूपमा विकास गरिने छ। यसका लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

१३१. शिक्षकको पेशागत क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न शिक्षा तालिम केन्द्रको संस्थागत सुदृढीकरण कार्य गरिने छ। साथै, नवप्रवेशी शिक्षक र प्रदेश तथा स्थानीय तहका शिक्षा सम्बद्ध जनशक्तिको क्षमता विकास तालिम र माध्यमिक तहका विद्यार्थी लक्षित शिक्षा तालिम केन्द्रबाट करियर काउन्सिलिङ सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ। यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

१३२. स्नातक र स्नातकोत्तर तह पुरा गर्ने चरणमा रहेका इच्छुक विद्यार्थीहरूलाई इन्टर्नसीप र स्वयंसेवकको रूपमा परिचालन गर्न र विज्ञान तथा सूचना प्रविधि अध्यापन गराउने क्याम्पसहरूलाई प्रदान गर्दै आएको प्रोत्साहनलाई निरन्तरता दिएको छु। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## भाषा, संस्कृति, साहित्य तथा कला

१३३. प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरूको खोज र अन्वेषण गरी अभिलेखीकरण गरिनेछ। कञ्चनपुरमा **"झुसे दमाई सांस्कृतिक संग्रहालय"** को स्थापना र सञ्चालनको व्यवस्था गरेको छु। साथै, सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान मार्फत प्रदेशभित्रका भाषा, संस्कृति, कला-साहित्यको पहिचान, संरक्षण, र सम्वर्द्धन कार्यलाई प्राथमिकतामा राखेको छु। यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

## युवा तथा खेलकूद

१३४. क्रिकेट खेलको सम्भावना र आवसरलाई मध्येनजर गरी प्रत्येक जिल्लामा **"एक जिल्ला एक क्रिकेट खेल मैदान निर्माण"** कार्यक्रम अन्तर्गत प्रत्येक जिल्लामा एक एक वटा क्रिकेट खेलमैदान निर्माण कार्य गरिने छ। यसका लागि रु. १ करोड ३५ लाख विनियोजन गरेको छु।

१३५. राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट भई पदक प्राप्त गर्ने प्रदेशका खेलाडीहरूलाई विशेष सम्मान सहित प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१३६. कैलालीको टीकापुरमा निर्माणाधिन टीकापुर स्पोर्ट्स एकेडेमीका लागि रु. १ करोड विनियोजन गरेको छु।

१३७. प्रदेश भित्रका नवप्रवर्तन तथा युवा वैज्ञानिक प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि "लोकराज ढकाल युवा सशक्तीकरण तथा लागु औषध दुर्व्यसन नियन्त्रण कार्यक्रम" लागु गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

**<u>स्वास्थ्य क्षेत्र</u>**

१३८. **"मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम"** अन्तर्गत प्रदेशका सबै अस्पतालहरूमा प्रयोगशाला, आकस्मिक सेवा, शल्यक्रिया तथा सघन उपचार कक्ष, निःशुल्क रक्त सेवा, फार्मेसी, रेडियोलोजी, फिजियोथेरापी लगायतका अत्यावश्यक सेवाको थप स्तरोन्नतिका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य निर्देशनालय, अस्पताल र स्वास्थ्य कार्यालयहरूमा आवश्यक बजेटको प्रबन्ध गरेको छु। प्रदेश मातहतका अस्पतालहरूमा विशेषज्ञ चिकित्सकीय सेवालाई निरन्तरता दिनका लागि आवश्यक बजेट विनियोजना गरेको छु।

१३९. विशेषज्ञ चिकित्सा सेवाको पहुँच बढाउन टेलिहेल्थ कार्यक्रम समेत सञ्चालन गर्दै प्रदेश मातहतका अस्पतालहरूमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड, अनलाइन टिकट र डिजिटल भुक्तानी प्रणाली स्थापना र विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४०. महिलाको प्रजनन स्वास्थ्य अवस्थामा सुधार ल्याउन प्रेषण केन्द्र र "ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम" लाई थप सुदृढीकरण गर्न आवश्यक उपकरणहरूको व्यवस्था गरी प्रजनन् स्वास्थ्य सम्बन्धी रोगहरू र रूग्णताको पहिचान र निवारण गर्न विशेषज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालनका लागि प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरूमा आवश्यक बजेटको व्यवस्था गरेको छु।

१४१. मानसिक स्वास्थ्य सेवालाई प्रदेशका सम्पूर्ण अस्पतालहरूमा क्रमिक रूपमा विस्तार गर्न चालु आर्थिक वर्षमा महाकाली र टीकापुर अस्पतालमा मानसिक स्वास्थ्य इकाई स्थापना र सेवा निरन्तरताका लागि आवश्यक

जनशक्ति व्यवस्थापन गर्न बजेट विनियोजन गरेको छु। साथै, मनोपरामर्श सेवा र विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिएको छु।

१४२. **"घोरीघोरा स्वास्थ्य उपचार कार्यक्रम"** मार्फत कैलाली र कञ्चनपुरमा सिकलसेल एनिमिया, थालासेमिया, हेमोफिलिया जस्ता रोगहरूको पहिचान, निदान र उपचारको व्यवस्था गरेको छु। सेती प्रादेशिक अस्पतालमा यस सम्बन्धी उपचारका लागि विशेष कक्षको स्थापना गर्ने प्रबन्ध गरेको छु। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१४३. डायलाईसिस सेवालाई प्रदेश मातहतका अस्पतालहरूमा क्रमैसँग विस्तार गर्दै लैजाने नीति अनुरूप यस बर्ष डोटी अस्पतालको निम्ति आवश्यक बजेट विनियोजन गरको छु।

१४४. स्थानीय तहबाट सञ्चालित दार्चुलाको गोकुलेश्वर, कञ्चनपुरको बेलौरी, कैलालीको लम्कीचुहा र बाजुराको कोल्टी अस्पतालहरूलाई प्रदेश तहको अस्पतालको रूपमा स्तरोन्नत‍ी गरिने छ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु। डडेल्धुराको जोगबुढा र कैलालीको लम्की चुहा अस्पताललाई प्रादेशिक अस्पतालको रूपमा विकास गर‍िने छ। यसका लागि आवश्यक प्रबन्ध मिलाएको छु।

१४५. अछामको बयालपाटा अस्पतालको स्वामित्व र व्यवस्थापन प्रदेश सरकार मातहत ल्याउन कानूनी प्रबन्ध गरी प्रदेशस्तरको अस्पतालको रूपमा सञ्चालन गर्न‍े प्रबन्ध मिलाईने छ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४६. प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा आधारभूत स्वास्थ्य सेवालाई थप सुदृढिकरण गर्न स्थानीय तहमा प्रदेश नमुना स्वास्थ्य संस्थाको विकास गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु। गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितताका लागि निजी अस्पताल, क्लिनिक, फार्मेसी, प्रयोगशाला

लगायतका स्वास्थ्य संस्थाहरूको अनुगमन गर्ने प्रणालीलाई थप व्यवस्थित गर्न बजेटको व्यवस्था मिलाएको छु।

१४७. आयुर्वेद क्षेत्रको सवलीकरणका लागि आयुर्वेद अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रको स्तरोन्नति तथा प्रदेशस्तरमै आयुर्वेद औषधी उत्पादन केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु। महाकाली आयुर्वेद औषधालय र जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र डडेल्धुराको भौतिक पूर्वाधार स्तरोन्नतिका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१४८. स्वास्थ्य क्षेत्रमा देखा पर्ने आपतकालीन अवस्था, महामारी तथा किटजन्य रोगहरूको प्रकोप नियन्त्रण र व्यवस्थापनका लागि बहुपक्षीय सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

१४९. प्रादेशिक अस्पतालहरूमा रहेका जेरियाट्रीक इकाइहरूको स्तरोन्नति गर्दै सेती, महाकाली र टीकापुर अस्पतालहरूबाट एकल महिला, 'क' वर्गको अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरूलाई निःशुल्क परीक्षण र औषधी व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु।

१५०. प्रदेश भित्र रहेका बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिलाहरूको पोषण अवस्था सुधारका लागि विद्यालय र समुदायमा आधारित स्वास्थ्य तथा पोषण प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु। स्थानीय तहको समन्वयमा दुर्गम क्षेत्रका नागरिकहरूको स्वास्थ्य परीक्षण गर्न बिशेषज्ञ शिविरहरू सञ्चालनका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु।

१५१. **“एक घण्टा आफ्नै लागि”** भन्ने नारा अनुरूप नसर्ने तथा मानसिक रोग न्यूनीकरणका लागि स्थानीय तह, निजी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा सार्वजनिक स्थानहरूमा खुला व्यायामशाला, आरोग्य केन्द्र, प्राकृतिक

चिकित्सा, जुम्बा, ध्यान एवं योग केन्द्र, विपश्यना आदि स्थापना र सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१५२. आकस्मिक अवस्थामा ज्यान जोखिमबाट बचाउनका लागि विद्यार्थी, सुरक्षाकर्मी र सवारी चालकहरूलाई प्राथमिक उपचार र बेसिक लाइफ सपोर्ट लगायतका सीप सिकाउनका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु।

## सामाजिक क्षेत्र

१५३. कार्यस्थलमा हुने लैङ्गिक हिंसा अन्त्य, कामदारहरूको व्यवसायजन्य सुरक्षा, स्वास्थ्य परीक्षण तथा परामर्श, उद्यमशीलताको विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१५४. **"स्वस्थ बालबालिका, सबल नारी र सम्मानित जेष्ठ नागरिकः सुदूरपश्चिमको प्रतिबद्धता"** भन्ने नाराका साथ महिला, बालबालिका तथा जेष्ठ नागरिक दशक (२०८२-२०९२) कार्यक्रम सञ्चालन गरिनेछ। यससका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१५५. स्थानीय तहसँगको साझेदारीमा **"सानै छु म बढ्न देऊ, बाल विवाह होईन पढ्न देऊ"** अभियानलाई निरन्तरता दिएको छु। महिला विरूद्ध हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारको अन्त्यका लागि संरक्षणात्मक र निरोधात्मक उपायहरू अवलम्बनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१५६. हिंसा पिडित महिला तथा बालबालिकाको संरक्षणका लागि प्रदेश स्तरीय एकीकृत हिंसा पीडित संरक्षण कोष स्थापना गरिनेछ। महिला समुत्थान परियोजना अन्तर्गत कञ्चनपुरमा पुनर्स्थापना केन्द्र स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१५७. **"द्वारिकादेवी ठकुरानी महिला आत्मनिर्भरता एवं सशक्तीकरण कार्यक्रम"** मार्फत महिलाहरूलाई उद्यम र रोजगारतर्फ प्रोत्साहित गर्न कार्यक्रम सञ्चालन गरिने छ। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१५८. विपन्न, संकटग्रस्त, द्वन्द्वपिडित एवं वञ्चितीकरणमा परेका व्यक्तिहरूका लागि **“जयराज भट्ट क्षमता विकास कार्यक्रम”** सञ्चालन गरिने छ। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१५९. दलित समुदाय विकास तथा उत्थान समिति गठन गरी दलित समुदायको परम्परागत सीप तथा व्यवसायलाई आधुनिकीकरण गर्न **"टिकाराम पार्की दलित सशक्तीकरण कार्यक्रम"** सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१६०. सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रको सहयोगमा सहयोगापेक्षी मानिसहरूको उद्धार, पुनर्स्थापना र संरक्षणको कार्य सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**श्रम तथा रोजगार**

१६१. स्थानीय तहसँग समन्वय गरी श्रमिकहरूको पञ्जीकरण, श्रम अडिट तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१६२. सुदूरपश्चिम प्रदेशमा रहेका कलकारखाना र उद्योग प्रतिष्ठानहरूमा काम गर्ने अदक्ष, अर्धदक्ष र दक्ष श्रमिकहरूको माग र आपूर्ति सम्बन्धी तथ्याङ्क संकलन, अध्ययन, सर्वेक्षण जस्ता कार्यक्रम गरी अभिलेखीकरणका लागि रोजगार पोर्टल तयार गरिनेछ र उत्कृष्ट श्रमिक उद्यमी पहिचान गरी पुरस्कृत गरिने छ। यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१६३. सामाजिक विकास मन्त्रालयका लागि कूल रकम रु. ७ अर्ब ७ करोड ४ लाख ६ हजार विनियोजन गरेको छु ।

## आन्तरिक सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आम सञ्चार

१६४. सुरक्षा निकायहरूको भौतिक क्षमता अभिवृद्धिमा प्रदेश सरकारले सञ्चालन गर्दै आएको आयोजना तथा कार्यक्रमलाई निरन्तरता दिएको छु।

१६५. लागुऔषध प्रयोग तथा कारोबार रोकथाम तथा नियन्त्रण कार्यलाई अभियानका रूपमा नै सञ्चालन गर्न नेपाल प्रहरीसँगको समन्वयमा **"म सुरक्षित मेरो घर सुरक्षित कार्यक्रम"** सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१६६. संघ र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदानप्रदान गर्ने कार्यलाई संस्थागत गरिने छ। प्रदेशस्थित कारागारहरूको क्षमताभन्दा बढी रहेका कैदीबन्दीको संख्या अत्यधिक भई आधारभूत सुविधाको उपलब्धतामा रहेको कठिनाइ कम गर्न भोजनगृह, स्नानगृह तथा शौचालय निर्माण एवम् सोलार बत्ती जडान कार्यहरु गरिने छ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१६७. कैद भुक्तान गरिरहेका कैदीबन्दीको सृजनशीलतालाई अभिवृद्धि गर्न सीप तथा उद्यम विकास पुनर्ताजगी प्रशिक्षण, मनोसामाजिक परामर्श, सकारात्मक सोच, खेलकुद, योगध्यान लगायतका कार्यक्रमलाई निरन्तरता दिएको छु। साथै, कानूनसँग विवादमा परेका बालिकाहरूका लागि कैलाली जिल्लामा बाल सुधार गृह निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१६८. विपद्जन्य परिस्थितिमा गरिने खोज तथा उद्दार कार्यलाई छरितो बनाउन ड्रोन लगायतका अत्याधुनिक उपकरण प्रयोगमा ल्याइनेछ। प्राथमिकताका आधारमा नदी किनारमा बाढी पूर्व सूचना प्रणाली जडान र विपद् बीमा कार्यक्रमलाई विस्तार गरिने छ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै, मनसुनजन्य तथा आगोजन्य विपद् प्रभावित निजी आवास,

पुनर्निर्माण तथा पुनर्स्थापना गर्न रू. ३ करोड रकम बजेट विनियोजन गरेको छु।

१६९. प्रदेशका ३ जिल्लामा रहेका जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रका लागि हाइ फ्रिक्वेन्सी उपकरण उपलब्ध गराई विपद्कालीन सञ्चार सुविधामा पहुँच अभिवृद्धि गर्न प्रदेशका नौवटै जिल्लामा उक्त सेवा सञ्चालन विस्तार गरिनेछ। स्थानीय/जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको सुदृढीकरण, विपद् प्रतिकार्य, पूर्वअभ्यास, गोताखोर तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ। साथै, कृष्णपुर नगरपालिका, कञ्चनपुर र लम्कीचुहा नगरपालिका, कैलालीको लागि दमकल खरिद गरिने छ।

१७०. प्रदेशमा पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याउने सञ्चारकर्मीलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्थाको थालनी गर्न "**सहिद दशरथ चन्द स्मृति पत्रकारिता पुरस्कार**" अक्षयकोष स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु। साथै, आमसञ्चार र पत्रकारिता क्षेत्रको विकास एवम् संस्थागत क्षमता अभिवृद्धि कार्यक्रमलाई समेत निरन्तरता दिदै लोककल्याणकारी विज्ञापनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१७१. नेपाल स्काउट स्वयं सेवा व्यवस्थापनको माध्यमबाट स्काउटका सदस्यहरूमध्ये मापदण्डका आधारमा सृजनशील स्वयंसेवक छनौट गरी दुर्व्यसन नियन्त्रण, साइबर अपराध र विपद्जन्य सचेतनाका लागि एक सृजनशील स्वयंसेवकले एक्काइस जनालाई सचेतना पुऱ्याउने किसिमले **"इच वनः टिच ट्वान्टी वन कार्यक्रम"** सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१७२. कैलाली जिल्लाको धनगढी उपमहानगर क्षेत्रभित्र नेपाल टेलिभिजनको स्टुडियो पूर्वाधार निर्माण गरिने छ। यसका लागि बजेट विनियोजन गरेको छु।

१७३. आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सूचना समन्वय कक्ष स्थापना गरिनेछ। साथै, साइबर सुरक्षाको लागि वित्तीय साक्षरताको माध्यमबाट मानव अधिकार रक्षा कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१७४. आमसञ्चार, कानून, विपद्, मानव अधिकार विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई इन्टर्नका रूपमा अध्ययन अनुसन्धानका कार्यमा परिचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१७५. शहिद, द्वन्द्व पीडित र बेपत्ता परिवारको लागि निशुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिइएको छु। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१७६. आन्तरिक मामिला तथा कानून मन्त्रालयका लागि कूल रकम रु. ३६ करोड ४ लाख ४३ हजार विनियोजन गरेको छु ।

## सार्वजनिक सेवा प्रवाह, कर्मचारी उत्प्रेरणा र शासकीय सुधार

१७७. प्रदेश सरकारबाट सञ्चालन गरिने सेवा तथा विकासका मोडलहरूमा नवप्रवर्तन र नविन सोचलाई उपयोग गर्नका लागि सरकारी, निजी तथा गैर सरकारी क्षेत्रबाट गरिएका असल अभ्यासको अभिलेखीकरण र आन्तरिकीकरण गर्ने कार्यको थालनी गरिनेछ। नवप्रवर्तनका माध्यमबाट सुशासन प्रवर्द्धन, सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, आर्थिक विकास र रोजगारी सिर्जना गर्न प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत स्थानीय सरकारहरूसँग लागत साझेदारीमा **रू. ३ करोड** रूपैयाँको नवप्रवर्तन साझेदारी कोष स्थापना र सञ्चालन गरिनेछ।

१७८. प्रदेश र स्थानीय तहका निकायहरूमा सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण गरी पृष्ठपोषण लिने तथा एकद्वार सेवा प्रवाह प्रणाली स्थापना गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। यसका लागि रू. ५१ लाख बजेट विनियोजन गरेको

छ। साथै, स्थानीय तहबाट प्रभावकारी सेवा प्रवाहका लागि जनप्रतिनिधी तथा कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१७९. प्रदेश सरकारका सबै निकायहरूबाट प्रवाह गरिने सेवाहरूलाई क्रमशः अनलाइन प्रणालीमा आवद्ध गरी प्रभावकारी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ। सूचनाको हक सुनिश्चित गर्न सूचना अधिकारीहरूको क्षमता विकास तथा कार्यालयहरूको वेभसाइट, अनलाईन पोर्टल, डिजिटल नागरिक वडापत्र, सार्वजनिक सुनुवाई तथा गुनासो व्यवस्थापनलाई प्रभाकारी बनाइनेछ। **'हेलो सिएम**" कार्यक्रमलाई थप प्रभावकारी बनाउन कानूनी पूर्वाधार तथा जनशक्तिको व्यवस्थापन गरी नतिजामुखी बनाइनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१८०. नेपाल सरकारले सम्वत् २०८२ साउन १ गतेदेखि लागु हुने गरी महङ्गी भत्तामा गरेको रू. ३ हजार बृद्धि प्रदेश निजामती सेवामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरूलाई समेत उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

१८१. प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीको मनोवृद्धि गर्न सम्वत् २०७८ साल श्रावण १ गतेबाट लागु भएको प्रदेश विशेष प्रोत्साहन भत्तालाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु। यसबाट सार्वजनिक निकायमा कार्यरत कर्मचारीको मनोवल उच्च भई सेवा प्रवाहमा थप प्रभावकारिता बृद्धि हुने विश्वास लिएको छु।

१८२. सरकारी खर्च प्रणालीमा सुधार गरी मितव्ययी, नतिजामुखी र जवाफदेही बनाउन **"सरकारी खर्च मितव्ययीता सम्बन्धी मार्गनिर्देशन"** तयार गरी लागु गरिनेछ। भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अनुरूप भ्रष्टाचार

निवारणका लागि प्रवर्द्धनात्मक, निरोधात्मक र संस्थागत क्षमता विकास सम्बन्धी रणनीतिहरू अवलम्बन गरिनेछ।

१८३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा **"सिएम एक्शन रूम"** को व्यवस्था गरी त्यस्ता आयोजनाहरूको डिजिटल प्रविधिको माध्यमबाट अनुगमन, सहजीकरण, समन्वय, अनुगमन, निर्देशन र नियन्त्रणको व्यवस्था मिलाइनेछ। यसमा सूचना प्रविधि र उपकरण जडान तथा व्यवस्थापनका लागि रू. ५० लाख विनियोजन गरेको छु।

१८४. प्रदेश सरकारका निकायहरूमा सुशासन प्रवर्द्धन र अनुगमनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा **सुशासन सम्बन्धी उच्चस्तरीय संयन्त्र** गठन गरी सञ्चालनमा ल्याइनेछ। सुशासन कायम गर्ने कार्यमा सम्पूर्ण सरकारको अवधारणा अनुरूप विभिन्न गैरसरकारी संघ-संस्था, सामुदायिक संस्थाहरू, नागरिक समाज र सुशासन अभियानकर्ताहरूसँगको साझेदारीमा **सुशासन फेलोसीप कार्यक्रम** सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१८५. सूचना प्रविधिमा आधारित **एकीकृत नतिजा व्यवस्थापन प्रणाली** लागु गरी हरेक मन्त्रालयहरूका माइलस्टोन र उपलब्धिहरूको आधारमा त्रैमासिक, अर्धबार्षिक एवं बार्षिकरूपमा कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एकीकृत नतिजा व्यस्थापनको कार्य गरिनेछ। अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी र मापनयोग्य सूचकमा आधारित बनाउन आवश्यक कानूनी व्यवस्था गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१८६. प्रदेश निजामती सेवा ऐन तथा नियमावलीमा समसामयिक परिमार्जन गरी प्रदेशमा कार्यरत कर्मचारीको वृत्ति विकासका अवसरहरू सिर्जना गरिनेछ। साथै, स्थानीय सेवाको गठन तथा सञ्चालन सम्बन्धी नियमावली तर्जुमालाई प्राथमिकता दिई स्थानीय तहको कर्मचारीको सरूवा, बढुवा, निवृत्तिभरण लगायतका कार्यहरूलाई व्यवस्थित गरिनेछ।

१८७. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको पूर्वाधार विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ। प्रतिष्ठानको दश वर्षे रणनीतिक योजना, प्रतिष्ठानलाई आईएसओ प्रमाणीकरणका लागि दस्तावेजीकरण र संगठन संरचनाको पुनरावलोकन गरिनेछ। प्रदेश र स्थानीय तहका जनशक्तिको सेवा प्रवेश तथा सेवाकालिन तालिमको पाठ्यक्रम तथा मोड्युल परिमार्जन तथा निर्माण गरी कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१८८. प्रदेश मातहतका सार्वजनिक निकायहरूको संगठन संरचना तथा दरबन्दी विवरणलाई समयानुकूल परिमार्जन र पुनरावलोकन गर्नका लागि समिति गठन गरी प्रदेश मन्त्रालय तथा मातहतका निकायहरूको समग्र संगठन एवं व्यवस्थापन सर्वेक्षण गरिनेछ।

१८९. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको कर्मचारी अभिलेख शाखालाई प्रदेश किताबखानाको रूपमा परिणत गर्न आवश्यक कानूनी तथा संरचनात्मक व्यवस्था गरिनेछ। सोको लागि संगठन संरचना, भौतिक पूर्वाधार तथा कर्मचारी सूचना प्रणाली स्थापना गरी प्रदेशमा कार्यरत जनशक्तिको सबै विवरण व्यवस्थित गर्ने कार्य प्रारम्भ गरिनेछ। यसका लागि **रू. ३ करोड १५ लाख** विनियोजन गरेको छु।

१९०. प्रदेश सरकारको संस्थागत छविलाई स्तरीय र आकर्षक बनाउन सरकारका निकायहरूमा हुने बैठक सञ्चालनका मार्गदर्शनहरू, अतिथी सत्कार, उपहार, सम्मान प्रचलन, साइनबोर्ड, नेमप्लेट, कार्यक्रम सञ्चालन एवं कार्यपत्र प्रस्तुतीकरणको ढाँचा लगायतका मानकहरू निर्धारण गरिनेछ। यसरी मानकहरू तयार गर्दा प्रदेशको मौलिकता झल्कने स्थानीय स्रोत साधन, सीप, उत्पादन र सांस्कृतिक पक्षलाई उच्च प्राथमिकतामा राखिने व्यवस्था मिलाएको छु। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९१. मानव अधिकारको संरक्षणमा सह-शासनको अवधारणा अनुरूप संघीय सरकार, राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश, स्थानीय तह, मानव अधिकारवादी संघसंस्था तथा अधिकार कर्मीहरूको सहकार्यमा प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१९२. सुदूरपश्चिम प्रदेशलाई आकर्षक लगानीको गन्तव्य र सम्भावनायुक्त क्षेत्रको रूपमा पहिचान गराउन र स्वदेशी तथा विदेशी लगानी भित्र्याउन **लगानी तथा विकास सम्मेलन आयोजना** गरिनेछ। लगानीमैत्री व्यवसायिक वातावरण निर्माणका लागि नीतिगत एवं कार्यप्रणालीमा निरन्तर सुधार गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सार्वजनिक-निजी संवादको उच्चस्तरीय संयन्त्र तयार गरिनेछ। यसका लागि आवश्यक कानूनी तथा संरचनागत व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१९३. प्रदेश सरकारका तर्फबाट विभिन्न अदालतमा गरिने बहस, पैरवी तथा प्रतिरक्षाका कार्यलाई सरल र प्रभावकारी बनाइनेछ। मुख्य

न्यायाधिवक्ताको कार्यालयबाट अनलाईन बहस पैरवी गर्ने प्रणाली विकास गर्न आवश्यक भौतिक पूर्वाधार र सूचना प्रविधिको व्यवस्थापन कार्यलाई निरन्तरता दिएको छु। मुख्य न्यायाधिवक्ताको कार्यालयको कामकारवाहीमा अन्तरप्रदेश समन्वय र सहकार्य मार्फत एकरूपता र प्रभावकारिता अभिवृद्धि गर्नका लागि सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरूको सम्मेलन आयोजना गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९४. उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता र निष्पक्षता कायम गरी योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन गर्दै प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका रिक्त पदमा प्रदेश लोक सेवा आयोगबाट प्रभावकारी रूपमा पदपूर्ति कार्य अगाडी बढाउने कार्यको व्यवस्था गरेको छु। साथै, आयोगको कार्यप्रकृति अनुसार कार्यसम्पादन गर्न जग्गाको व्यवस्था गरी भवन निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेको छु। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## सार्वजनिक वित्त व्यवस्थापन

१९५. सार्वजनिक खर्चमा अनुशासन कायम गर्न चालु एवं प्रशासनिक खर्चमा उच्च किफायत कायम गर्दै खर्चमा गुणस्तर र दिगोपना तथा वित्तीय उत्तरदायित्व, पारदर्शिता र जवाफदेहितामा जोड दिइनेछ।

१९६. आन्तरिक लेखापरीक्षणलाई वित्तीय अनुशासनको आधारस्तम्भको रूपमा स्थापित गर्दै आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी एवम् सूचना प्रविधिमैत्री बनाइनेछ।बेरूजु फछ्र्यौट तथा सम्परीक्षणलाई प्रभावकारी बनाउन कार्ययोजना तयार गरी लागु गरिनेछ।

१९७. संघीयतालाई सवलीकरण गर्न प्रदेशलाई साधन स्रोतमा क्रमशः आत्मनिर्भर बनाउँदै लैजान आवश्यक रहेको तथ्यलाई बोध गरी प्रदेशको आर्थिक

सम्भाव्यता सम्बन्धी अध्ययन गरिनेछ र प्रदेशको राजश्व सुधारका लागि कार्ययोजना तर्जुमा गरी लागू गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९८. प्रदेश सरकारको राजस्व प्रशासन कार्यक्षमतामा सुधार गर्न संघीय अर्थ मन्त्रालयको समन्वयमा करदाता दर्ता प्रणाली विकास गरी करदाता सम्बन्धी विवरणलाई डिजिटल प्रणालीमा आवद्ध गरिनेछ।

१९९. सामुदायिक तथा साझेदारी वन समूहको विक्रि वितरणबाट प्राप्त हुने आम्दानीको १० प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला हुने र वाह्य विक्रिबाट प्राप्त हुने आम्दानीको १५ प्रतिशत रकम प्रदेश संचित कोषमा र १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा दाखिला हुने व्यवस्था मिलाएको छु।

२००. प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्रदान गरिने स्वास्थ्य परीक्षण र प्रदेशमा संचालनमा रहेका शैक्षिक परामर्श, भाषा प्रशिक्षण, कोचिङ्ग, ट्यूसन, पूर्व तयारी र अनलाइन प्रशिक्षण गर्ने शैक्षिक संस्थाहरूले सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका निकायबाट अनुमति पत्र लिनुपर्ने व्यवस्था मिलाएको छु।

## बजेट तथा कार्यक्रम र आयोजना व्यवस्थापन

२०१. प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको विकास सम्बन्धी रणनीति, प्राथमिकता, क्षेत्रगत रणनीति र कार्यनीतिका आधारमा मध्यमकालीन खर्च संरचना, परियोजना बैंक र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न स्थानीय तहको क्षमता विकास गरिनेछ। सोह्रौं योजना, दिगो विकासका लक्ष्यहरू, विकासशील राष्ट्रमा स्तरोन्नती हुने सम्बन्धी रणनीति तथा **"समृद्ध नेपाल, सुखी नेपाली"**को राष्ट्रिय लक्ष्यसँग तादाम्यता हुनेगरी प्रदेशको पच्चीस वर्षे

विकास रणनीति र दोस्रो पञ्चवर्षीय योजना निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरेको छु।

२०२. एकीकृत राष्ट्रिय तथ्याङ्क नीतिसँग तादम्यता हुने गरी प्रदेशस्तरमा तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन पद्धतिको विकास गरिनेछ। सुदूरपश्चिम प्रदेशको क्षेत्रगत प्राथमिक तथ्याङ्कको संकलन, भण्डारण, विश्लेषण र प्रकाशनको लागि डिजिटल ड्यासबोर्डको व्यवस्था मिलाएको छु। यसका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु।

२०३. प्रदेश गौरवका आयोजना, बहुवर्षीय एवम् क्रमागत तथा वित्तीय दायित्व सिर्जना भइसकेका आयोजनालाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ। उच्च प्रतिफल एवम् पुँजी निर्माणमा योगदान पुऱ्याउने रूपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गरी प्रदेश आयोजना बैंकलाई प्रभावकारी बनाइनेछ। आयोजना व्यवस्थापनमा वित्तीय सुशासन कायम गर्न ठूला प्रादेशिक आयोजनाको विस्तृत आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिएको छु।

२०४. प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन सूचना प्रविधिमा आधारित एकीकृत नतिजा व्यवस्थापन प्रणाली लागु गरी माइलस्टोन र उपलब्धिहरूको आधारमा त्रैमासिक, अर्धवार्षिक एवम् वार्षिकरूपमा सबै मन्त्रालयहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाएको छु। अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी र मापनयोग्य सूचकमा आधारित बनाउन आवश्यक कानूनी प्रवन्ध गरिनेछ।

२०५. वार्षिक विकास कार्यक्रममा दिगो विकास लक्ष्य, लैंगिक उत्तरदायी एवं जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गर्दै सो सम्बन्धी आवश्यक निर्देशिका तर्जुमा तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

२०६. सुदूरपश्चिम प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड अनुरूप स्थानीय तहले पहिचान गरी सञ्चालन गर्ने आयोजनाहरूका लागि उपलब्ध गराइने

समपूरक र विशेष अनुदानलाई यस वर्ष पनि निरन्तरता दिएको छु। यस कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तहहरूलाई आर्थिक, सामाजिक र पूर्वाधार विकासका आधारमा वर्गीकरण गर्न र सोका आधारमा समपूरक अनुदानको समन्यायिक अनुपातका लागि अध्ययन सहित अभिमुखीकरण गर्नका साथै आयोजनाहरूको अनुगमनको कार्यलाई प्राथमिकतामा राखेको छु।

**स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण**

२०७. सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ तर्जुमा भई कार्यान्वयनमा आएको छ।

२०८. आर्थिक वर्ष २०८२/८३ को लागि स्थानीय तहमा समानीकरण अनुदानतर्फ रू. ९० करोड वित्तीय हस्तान्तरण गरेको छु। जुन आर्थिक वर्ष २०८१/८२ को तुलनामा ४.६५ प्रतिशतले बढी हुन आउँछ।

२०९. आर्थिक वर्ष २०८२/८३ को लागि ससर्त अनुदानको रकम रू. १ अर्ब २ करोड ७७ लाख स्थानीय तहमा हस्तान्तरण गरेको छु। जुन गत आर्थिक वर्षको तुलनामा ०.५८ प्रतिशतले बढी हुन आउँछ।

२१०. प्रदेश विभाज्य कोषमा जम्मा हुने सवारी साधन कर रू. ३२ करोड स्थानीय संचित कोषमा बाँडफाँट भएर जाने अनुमान गरेको छु। जुन गत आर्थिक वर्षको तुलनामा ५.२६ प्रतिशतले बढी हुन आउँछ।

२११. स्थानीय तहबाट आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमका लागि समपूरक अनुदानतर्फ रू. १ अर्ब र विशेष अनुदानतर्फ रु. ५० करोड विनियोजन गरेको छु।

२१२. विषयगत मन्त्रालयबाट प्रस्तावित शशर्त अनुदानतर्फ विनियोजित कार्यक्रम तथा बजेट वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमा पठाउने व्यवस्था मिलाएको छु। स्थानीय तहमा ससर्त अनुदानका कार्यक्रम

हस्तान्तरण एवम् कार्यान्वयन सम्बन्धी व्यवस्था विनियोजन विधेयकमा गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म माथि उल्लिखित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि बजेट **विनियोजन र स्रोत व्यवस्थापनको अनुमान** प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२१३. आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले कुल रू. ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रू. १० अर्ब २० करोड ८१ लाख ४२ हजार अर्थात् ३०.४९ प्रतिशत, पुँजीगततर्फ रू. १९ अर्ब ८३ करोड २ लाख ६ हजार अर्थात् ५९.२५ प्रतिशत र अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत ३ अर्ब ४२ करोड ७७ लाख अर्थात् १०.२४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू. १ करोड हुने गरी विनियोजनको व्यवस्था मिलाएको छु।

२१४. आर्थिक वर्ष २०८२/८३ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रू. १ अर्ब ६५ करोड, नेपाल सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने अनुमानित रू. ९ अर्ब ८७ करोड २५ लाख, संघीय रोयल्टी बाँडफाँट वापत प्राप्त हुने रकम रू. ८ करोड, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू. ८ अर्ब ९२ करोड ५६ लाख, आर्थिक वर्ष २०८१/८२ को विनियोजनबाट बचत हुने अनुमानित रकम रू. ७ अर्ब ६६ करोड ६३ लाख ४८ हजार, ससर्त अनुदानबाट प्राप्त हुने रू. ४ अर्ब १६ करोड ३० लाख, संघीय समपूरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रू. ६० करोड २६ लाख र विशेष अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रू. ५१ करोड ६० लाख प्राप्त हुने अनुमान गरेको छु।

**माननीय सभामुख महोदय,**

२१५. आर्थिक वर्ष २०८०/८१ को यथार्थ खर्च, आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान र आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय व्यय विवरण अनुसूचीमा उल्लेख गरेको छु। मध्यमकालीन खर्च संरचना र विषयगत मन्त्रालयको चालु आर्थिक वर्षको प्रगति विवरण यसै साथ प्रस्तुत गरेको छु।

२१६. आर्थिक वर्ष २०८२/८३ मा अन्तरसरकारी वित्त व्यवस्थापनको माध्यमबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ससर्त अनुदानको विवरण व्यय अनुमानमा खुलाई पेस गरेको छु।

२१७. प्रस्तुत बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, यस प्रदेशबाट संघीय संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यू, माननीय मन्त्रीज्यू, माननीय उपसभामुखज्यू, प्रदेश सभाका विषयगत समितिका माननीय सभापतिज्यू, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवम् सदस्यज्यूहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। मैले सम्मानित प्रदेश सभामा पेस गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी सुझाव प्रदान गर्नुभएकोमा माननीय सदस्यज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

२१८. बजेट तर्जुमा प्रक्रियामा रचनात्मक सुझाव दिनुहुने राजनीतिक दल, स्थानीय तहका पदाधिकारी, निजी क्षेत्र तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक संघ-संस्था, सञ्चार जगत, नागरिक समाज र देश विदेशमा रहनु भएका प्रदेशवासीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२१९. अन्तमा, यस प्रदेशमा गरिवीको रेखामुनि रहेका तथा विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग जाति समुदायहरूको सामाजिक विभेद, वञ्चितिकरण तथा वहिष्करण उत्थान र सबलीकरण, गरिबी तथा बेरोजगारी, श्रम पलायन

जस्ता आर्थिक सामाजिक तथा साँस्कृतिक क्षेत्र, पर्यावरणीय क्षेत्र र आयोजना व्यवस्थापन,सार्वजनिक वित्त व्यवस्थापन सम्बद्ध समस्या तथा चुनौतीको सम्बोधन गर्दै **"आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम प्रदेश"** निर्माणको दीर्घकालीन सोचलाई हासिल गर्न बलियो आधार निर्माण गर्ने गरी तर्जुमा गरिएको प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सम्बद्ध सबैको अर्थपूर्ण सहभागिता एवम् सहयोगका लागि सबै सरोकारवाला पक्षलाई हार्दिक अनुरोध गर्दछु।

धन्यवाद

# अनुसूचीहरू

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८२/८३

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघीय अनुदान | |
| | | | | | संघीय | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **१३,२१,१३,४९** | **१५,०८,०१,४५** | **१९,२६,८८,४८** | **१९,२६,८८,४८** | **०** | **०** |
| २ कर | ८,१६,६१,०२ | १०,२०,४०,६२ | १०,९१,१९,६३ | १०,९१,१९,६३ | ० | ० |
| ३ अन्य राजस्व | ४८,५०,५६ | ५२,८७,५८ | ६९,०५,३७ | ६९,०५,३७ | ० | ० |
| ४ बिबिध प्राप्ति | ४,५६,०१,९१ | ४,३४,७३,२५ | ७,६६,६३,४८ | ७,६६,६३,४८ | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **१३,२१,१३,४९** | **१५,०८,०१,४५** | **१९,२६,८८,४८** | **१९,२६,८८,४८** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **९,६४,९५,५२** | **११,९३,३१,०६** | **१४,२०,७२,००** | **०** | **१२,३१,७१,००** | **१,८९,०१,००** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **२२,८६,०९,०१** | **२७,०१,३२,५१** | **३३,४७,६०,४८** | **१९,२६,८८,४८** | **१२,३१,७१,००** | **१,८९,०१,००** |
| **८ खर्च (९+१०+११)** | **१८,५१,३५,७६** | **२०,३१,५०,५३** | **३३,४६,६०,४८** | **१९,२५,८८,४८** | **१२,३१,७१,००** | **१,८९,०१,००** |
| ९ चालु | ६,०३,१०,८१ | ८,५७,५८,७२ | १०,२०,८१,४२ | ७,५६,८५,६१ | २,०७,७७,८१ | ५६,१८,०० |
| १० पूंजीगत खर्च | १०,५६,४६,२८ | ७,८९,८४,६९ | १९,८३,०२,०६ | ८,२६,२५,८७ | १०,२३,९३,१९ | १,३२,८३,०० |
| ११ वित्तीय हस्तान्तरण चालु | १,९१,७८,६७ | ३,८४,०७,१२ | ३,४२,७७,०० | ३,४२,७७,०० | ० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-४,३४,७३,२५** | **-६,६९,८१,९८** | **-१,००,००** | **-१,००,००** | **०** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **०** | **०** | **१,००,००** | **१,००,००** | **०** | **०** |
| **१४ आन्तरिक वित्तीय सम्पत्ति (१५+१६+१७)** | **०** | **०** | **१,००,००** | **१,००,००** | **०** | **०** |
| १५ सार्वजनिक संस्थानमा ऋण लगानी | ० | ० | ० | ० | ० | ० |
| १६ अन्य संस्थामा ऋण लगानी | ० | ० | ० | ० | ० | ० |
| १७ संस्थानमा शेयर लगानी | ० | ० | १,००,०० | १,००,०० | ० | ० |
| **१८ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-४,३४,७३,२५** | **-६,६९,८१,९८** | **०** | **०** | **०** | **०** |
| **१९ कुल आम्दानी** | **२२,८६,०९,०१** | **२७,०१,३२,५१** | **३३,४७,६०,४८** | **१९,२६,८८,४८** | **१२,३१,७१,००** | **१,८९,०१,००** |
| **२० कुल खर्च** | **१८,५१,३५,७६** | **२०,३१,५०,५३** | **३३,४७,६०,४८** | **१९,२६,८८,४८** | **१२,३१,७१,००** | **१,८९,०१,००** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक वर्ष २०८२/८३

अनुसूची - २
(रु.हजारमा)

| शीर्षक | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| कर | ८,१६,६१,०२ | १०,२०,४०,६२ | १०,९१,१९,६३ | १०,९१,१९,६३ | ० |
| आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर | ० | ५,०० | ५,०० | ५,०० | ० |
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | ० | ५,०० | ५,०० | ५,०० | ० |
| कृषि आयमा कर | ० | ५,०० | ५,०० | ५,०० | ० |
| सम्पत्ति कर | ३९,१७,१६ | ४१,५६,९९ | ४८,००,०० | ४८,००,०० | ० |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३९,१७,१६ | ४१,५६,९९ | ४८,००,०० | ४८,००,०० | ० |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३९,१७,१६ | ४१,५६,९९ | ४८,००,०० | ४८,००,०० | ० |
| वस्तु तथा सेवामा आधारित कर | ७,७७,४३,८६ | ९,७८,७८,६३ | १०,४३,१४,६३ | १०,४३,१४,६३ | ० |
| मूल्य अभिवृद्धि कर (मू.अ .क.) | ५,४८,०९,७३ | ६,९३,२८,६२ | ७,४०,४३,७५ | ७,४०,४३,७५ | ० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५,४८,०९,७३ | ६,९३,२८,६२ | ७,४०,४३,७५ | ७,४०,४३,७५ | ० |
| अन्तः शुल्क | १,८८,३७,५८ | २,३६,८०,४४ | २,४६,८१,२५ | २,४६,८१,२५ | ० |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | १,८८,३७,५८ | २,३६,८०,४४ | २,४६,८१,२५ | २,४६,८१,२५ | ० |
| पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | ४०,८२,७० | ४८,६५,३२ | ५५,७६,५० | ५५,७६,५० | ० |
| सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | ४०,८२,७० | ४८,६५,३२ | ५५,७६,५० | ५५,७६,५० | ० |
| मनोरञ्जन तथा विज्ञापन कर | १३,८५ | ४,२५ | १३,१३ | १३,१३ | ० |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ९५ | १,२७ | १०,०० | १०,०० | ० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १२,९० | २,९८ | ३,१३ | ३,१३ | ० |
| अनुदान | ९,६४,९५,५२ | ११,९३,३१,०६ | १४,२०,७२,०० | १४,२०,७२,०० | ० |
| अन्तरसरकारी वित्तीय हस्तान्तरण | ९,६४,९५,५२ | ११,९३,३१,०६ | १४,२०,७२,०० | १४,२०,७२,०० | ० |
| अन्तरसरकारी अनुदान | ७,४५,३१,५८ | ८,७३,२६,०६ | ११,१५,९२,०० | ११,१५,९२,०० | ० |
| समानिकरण अनुदान | ६,३१,४३,९२ | ६,८२,३७,०६ | ८,९२,५६,०० | ८,९२,५६,०० | ० |
| शसर्त अनुदान चालु | १,०५,२६,४६ | १,६३,८९,०० | १,८२,८६,०० | १,८२,८६,०० | ० |
| विषेश अनुदान चालु | ८,६१,२० | २७,००,०० | ४०,५०,०० | ४०,५०,०० | ० |
| अन्तरसरकारी पूँजीगत अनुदान | २,१९,६३,९४ | ३,२०,०५,०० | ३,०४,८०,०० | ३,०४,८०,०० | ० |
| शसर्त पूँजीगत अनुदान | १,४८,२५,३६ | १,४९,४५,०० | २,३३,४४,०० | २,३३,४४,०० | ० |
| विषेश पूँजीगत अनुदान | ९,५०,०६ | २८,६०,०० | ११,१०,०० | ११,१०,०० | ० |
| समपुरक अनुदान पूँजीगत | ६१,८८,५२ | १,४२,००,०० | ६०,२६,०० | ६०,२६,०० | ० |
| अन्य राजस्व | ४८,५०,५६ | ५२,८७,५८ | ६९,०५,३७ | ६९,०५,३७ | ० |
| सम्पत्तिबाट प्राप्त आय | ४,०८,६४ | ७,६६,७१ | १४,१०,८० | १४,१०,८० | ० |
| भाडा र रोयल्टी | ४,०८,६४ | ७,६६,७१ | १४,१०,८० | १४,१०,८० | ० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | २,३६,७४ | ३,१५,२० | ४,४१,२८ | ४,४१,२८ | ० |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ३९ | ६१ | ६७ | ६७ | ० |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ८७,१३ | २,९७,६३ | ३,५७,१६ | ३,५७,१६ | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ८३,९५ | १,५२,७० | ६,१०,८० | ६,१०,८० | ० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ४३ | ५७ | ८९ | ८९ | ० |
| अन्य शुल्क | ० | ० | ० | ० | ० |
| पर्यटन शुल्क | ० | ० | ० | ० | ० |
| वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम | ३०,५३,५८ | ३७,१७,६९ | ४६,४७,११ | ४६,४७,११ | ० |
| वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम | ३०,५३,५८ | ३७,१७,६९ | ४६,४७,११ | ४६,४७,११ | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | ३०,५३,५८ | ३७,१७,६९ | ४६,४७,११ | ४६,४७,११ | ० |
| दण्ड जरिवाना र जफत | २,६३,६२ | २,०६,२१ | २,२०,६४ | २,२०,६४ | ० |
| दण्ड,जरिवाना र जफत | २,६३,६२ | २,०६,२१ | २,२०,६४ | २,२०,६४ | ० |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | २,६३,६२ | २,०६,२१ | २,२०,६४ | २,२०,६४ | ० |
| विविध राजस्व | ११,२४,७२ | ५,९६,९७ | ६,२६,८२ | ६,२६,८२ | ० |
| अन्य राजस्व | ११,२४,७२ | ५,९६,९७ | ६,२६,८२ | ६,२६,८२ | ० |
| अन्य राजस्व | ११,२४,७२ | ५,९६,९७ | ६,२६,८२ | ६,२६,८२ | ० |
| बिबिध प्राप्ति | ४,५६,०१,९१ | ४,३४,७३,२५ | ७,६६,६३,४८ | ७,६६,६३,४८ | ० |
| बिबिध प्राप्ति | ४,५६,०१,९१ | ४,३४,७३,२५ | ७,६६,६३,४८ | ७,६६,६३,४८ | ० |
| नगद तथा मौज्दात | ४,५६,०१,९१ | ४,३४,७३,२५ | ७,६६,६३,४८ | ७,६६,६३,४८ | ० |
| गत वर्षको नगद मौज्दात | ४,५६,०१,९१ | ४,३४,७३,२५ | ७,६६,६३,४८ | ७,६६,६३,४८ | ० |
| जम्मा ( राजस्व / प्राप्ति ) | २२,८६,०९,०१ | २७,०१,३२,५१ | ३३,४७,६०,४८ | ३३,४७,६०,४८ | ० |
| राजस्व बाँडफाँट | | | | | |
| प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व | २२,८६,०९,०१ | २७,०१,३२,५१ | ३३,४७,६०,४८ | ३३,४७,६०,४८ | ० |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८२/८३

अनुसूची - ३
(रु.हजारमा)

| शीर्षक | २०८२/८३ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **५,२६,३६,६६** | **१,८३,५९,६६** | **३,४२,७७,००** | **१५.७२** |
| कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | ५०,६४,५१ | ५०,६४,५१ | ० | |
| बाह्य आर्थिक सहायता | १३,९१,९२ | १३,९१,९२ | ० | |
| सामान्य सेवा | ९२,६६,२३ | ९२,६६,२३ | ० | |
| आधारभूत अनुसन्धान | १,००,०० | १,००,०० | ० | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | २५,३१,०० | २५,३१,०० | ० | |
| सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको | ६,०० | ६,०० | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ३,४२,७७,०० | ० | ३,४२,७७,०० | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **३६,०४,४३** | **३६,०४,४३** | **०** | **१.०८** |
| सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास | ३६,०४,४३ | ३६,०४,४३ | ० | |
| **आर्थिक मामिला** | **१७,४६,८९,५८** | **१७,४६,८९,५८** | **०** | **५२.१८** |
| सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | १,००,०० | १,००,०० | ० | |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ८,३४,१६,४२ | ८,३४,१६,४२ | ० | |
| खानी , उत्पादन तथा निर्माण | २३,५५,०० | २३,५५,०० | ० | |
| यातायात | ७,८५,९६,१९ | ७,८५,९६,१९ | ० | |
| अन्य उद्योगहरु | ८०,८४,७५ | ८०,८४,७५ | ० | |
| अनुसन्धान तथा विकास - आर्थिक मामिला | २१,३७,२२ | २१,३७,२२ | ० | |
| **वातावरण संरक्षण** | **४,३०,००** | **४,३०,००** | **०** | **०.१३** |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ४,३०,०० | ४,३०,०० | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | **३,२७,३५,७५** | **३,२७,३५,७५** | **०** | **९.७८** |
| आवास विकास | १,३६,२७,५९ | १,३६,२७,५९ | ० | |
| खानेपानी | १,९१,०८,१६ | १,९१,०८,१६ | ० | |
| **स्वास्थ्य** | **२,८२,४६,५७** | **२,८२,४६,५७** | **०** | **८.४४** |
| औषधी उत्पादन,उपकरण तथा औजार | २,८२,०० | २,८२,०० | ० | |
| वहिरंङ्ग सेवा | १०,२४,०० | १०,२४,०० | ० | |
| अस्पताल सेवा | ४४,२०,०० | ४४,२०,०० | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | २,०७,०८,५७ | २,०७,०८,५७ | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | १८,१२,०० | १८,१२,०० | ० | |
| **शिक्षा** | **४,२२,४०,४९** | **४,२२,४०,४९** | **०** | **१२.६२** |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ५५,०१,०० | ५५,०१,०० | ० | |
| शिक्षाको लागि सहायक सेवाहरु | ३,५८,३३,३९ | ३,५८,३३,३९ | ० | |
| शिक्षा - अनुसन्धान विकास | ९,०६,१० | ९,०६,१० | ० | |
| **सामाजिक सुरक्षा** | **१,७७,००** | **१,७७,००** | **०** | **०.०५** |
| वेरोजगार | १,४२,०० | १,४२,०० | ० | |
| सामाजिक असमावेशी | ३५,०० | ३५,०० | ० | |
| **कुल जम्मा** | **३३,४७,६०,४८** | **३०,०४,८३,४८** | **३,४२,७७,००** | **१००** |

# मन्त्रालयगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)
## आर्थिक वर्ष २०८२/८३

अनुसूची - ४
(रु.हजारमा)

| निकाय | | कुल जम्मा | प्रदेश | | | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | |
| २०२ | प्रदेश व्यवस्थापिका | १९,९५,०१ | १९,९५,०१ | १९,९५,०१ | ० | ० | ०.६० |
| २१० | प्रदेश लोक सेवा आयोग | १२,३१,५० | १२,३१,५० | १२,३१,५० | ० | ० | ०.३७ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४३,६९,०८ | ४३,६९,०८ | ४३,६९,०८ | ० | ० | १.३१ |
| ३०५ | आर्थिक मामिला मन्त्रालय | २१,३७,२२ | २१,३७,२२ | २१,३७,२२ | ० | ० | ०.६४ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २,९५,०१,९४ | २,३४,४८,९४ | २,३४,४८,९४ | ० | ६०,५३,०० | ८.८१ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३,३०,१०,०० | ३,३०,१०,०० | ३,३०,१०,०० | ० | ० | ९.८६ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३६,०४,४३ | ३६,०४,४३ | ३६,०४,४३ | ० | ० | १.०८ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५,८०,९०,१७ | १५,४०,३०,१७ | १५,४०,३०,१७ | ० | ४०,६०,०० | ४७.२२ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ७,०७,०४,०६ | ७,०७,०४,०६ | ७,०७,०४,०६ | ० | ० | २१.१२ |
| ३९१ | प्रदेश योजना आयोग | ७,४७,४१ | ७,४७,४१ | ७,४७,४१ | ० | ० | ०.२२ |
| ५०१ | अर्थ - वित्तीय व्यवस्था | १,००,०० | १,००,०० | ० | १,००,०० | ० | ०.०३ |
| ६०२ | अर्थ - विविध | ५१,०५,६६ | ५१,०५,६६ | ५१,०५,६६ | ० | ० | १.५३ |
| ८०१ | स्थानीय तह | २,४१,६४,०० | ० | ० | ० | २,४१,६४,०० | ७.२२ |
| | **कुल जम्मा** | **३३,४७,६०,४८** | **३०,०४,८३,४८** | **३०,०३,८३,४८** | **१,००,००** | **३,४२,७७,००** | **१००** |

# खर्च शीर्षकगत व्यय अनुमान

## आर्थिक वर्ष २०८२/८३

अनुसूची - ५
(रु.हजारमा)

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघीय अनुदान | |
| **चालु** | | **९,८५,२०,६१** | **२,६३,९५,८१** | **१२,४९,१६,४२** |
| **२११००** | **पारिश्रमिक / सुविधा** | **२,२९,३०,५९** | **१८,६३,५८** | **२,४७,९४,१७** |
| २१११ | पारिश्रमिक कर्मचारी | १,५८,५२,७३ | १५,७३,०९ | १,७४,२५,८२ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ८,२७,४६ | ० | ८,२७,४६ |
| २११२१ | पोशाक | ३,१२,६० | २४,९० | ३,३७,५० |
| २११२२ | खाद्यान्न | ७,४२,५६ | ५४,०० | ७,९६,५६ |
| २११२३ | औषधी उपचार खर्च | ३,०० | ० | ३,०० |
| २११३१ | स्थानीय भत्ता | ५,६७,३६ | ६४,०४ | ६,३१,४० |
| २११३२ | महंगी भत्ता | १४,४८,११ | २३,०४ | १४,७१,१५ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २,८९,९८ | ५०,७५ | ३,४०,७३ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ६,०५ | १३,२० | १९,२५ |
| २११३९ | अन्य भत्ता | २६,८६,१९ | ९,१० | २६,९५,२९ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १,०४,०६ | ० | १,०४,०६ |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ४७,१९ | ० | ४७,१९ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | ४३,३० | ५१,४६ | ९४,७६ |
| **२१२००** | **कर्मचारीको सामाजिक सुरक्षा खर्च** | **३,३१,६५** | **९६** | **३,३२,६१** |
| २१२११ | सामाजिक सुरक्षा कोष खर्च | १६,२८ | ० | १६,२८ |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १,८९,४३ | ० | १,८९,४३ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १,२५,९४ | ९६ | १,२६,९० |
| **२२१००** | **सेवा महसुल** | **१३,१२,९१** | **९०,३२** | **१४,०३,२३** |
| २२१११ | पानी तथा बिजुली | १०,१४,९७ | ६५,८७ | १०,८०,८४ |
| २२११२ | संचार महसुल | २,९७,८४ | २४,४५ | ३,२२,२९ |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | १० | ० | १० |
| **२२२००** | **पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | **३१,३९,११** | **१,९०,८२** | **३३,२९,९३** |
| २२२११ | इन्धन (पदाधिकारी) | १,२६,५६ | ० | १,२६,५६ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ८,८९,७७ | ८६,१३ | ९,७५,९० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ८,२६,७८ | ४६,२१ | ८,७२,९९ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २,३३,३३ | ९,०६ | २,४२,३९ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,८१,४७ | २६,४८ | ६,०७,९५ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४,५३,४१ | १६,१० | ४,६९,५१ |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २७,७९ | ६,८४ | ३४,६३ |
| **२२३००** | **कार्यालय सामान तथा सेवाहरू** | **१६,७६,२८** | **३,७२,१४** | **२०,४८,४२** |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ८,२७,०५ | १,०२,१६ | ९,२९,२१ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | ५० | ३,६० | ४,१० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १६,५० | १,५९,४६ | १,७५,९६ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १,१२,२० | ८,४८ | १,२०,६८ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ६,०२,६७ | ४७,४९ | ६,५०,१६ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १,१७,३६ | ५०,९५ | १,६८,३१ |
| **२२४००** | **सेवा तथा परामर्श खर्च** | **७८,३७,९१** | **५,५३,१५** | **८३,९१,०६** |
| २२४११ | सेवा र परामर्श खर्च | ९,१८,९४ | ५,५० | ९,२४,४४ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५९,८२ | २६,०० | ८५,८२ |
| २२४१३ | करार सेवा शुल्क | ५५,६१,८६ | ५,१०,८५ | ६०,७२,७१ |
| २२४१९ | अन्य सेवा शुल्क | १२,९७,२९ | १०,८० | १३,०८,०९ |
| **२२५००** | **कार्यक्रम सम्वन्धी खर्चहरू** | **२,५४,५४,३०** | **२,१९,१६,८४** | **४,७३,७१,१४** |
| २२५११ | कर्मचारी तालिम खर्च | ४,२३,६२ | ४,००,७६ | ८,२४,३८ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १३,३४,५७ | ३,४६,४६ | १६,८१,०३ |
